अपाङ्गता भएका व्यक्तिलाई
समान अवसर र सम्मान दिऔं
अपाङ्गता भएका व्यक्तिलाई:
- शिक्षा, रोजगारीलगायतमा समान अवसर सुनिश्चित गरौं,
- सार्वजनिक भवन, कार्यालय र सडकहरू पहुँचयोग्य बनाऔं,
- अपाङ्गमैत्री शब्द प्रयोग गरौं,
- अपाङ्गता भएका व्यक्तिलाई सम्मान र सहयोग गरौं,
- उनीहरूलाई दया होइन अधिकार दिऔं,
- नीतिगत निर्णयहरूमा सहभागी गराऔं,

अपाङ्गता दिवस, २०८२ भव्यरूपमा मनाऔं,
समान अधिकार र अवसर प्रदान गरी समावेशी नेपालको परिचय दिऔं
नेपाल सरकार
विज्ञापन बोर्ड

प्रभाव दैनिक
National Daily


वर्ष १२ | अंक २२९ | काठमाडौं | शुक्रबार, ०४ पुस २०८२ | Prabhab National Daily | Friday, 19 December 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-

एमालेमा परिवर्तनको विपक्षमा मत

# महाधिवेशनबाट फेरि ‘ओलीराज’ अनुमोदन

- पदाधिकारीमा ईश्वर पोखरेल नेतृत्वको प्यानलबाट गोकर्ण विष्ट (उपाध्यक्ष) र योगेश भट्टराई (उपमहासचिव) मात्र विजयी
- जेन-जी विद्रोहको माग थियो एमाले नेतृत्वबाट ओलीको बिदाइ तर ओलीले त्यो हुन दिएनन्, बरू आफूलाई जोगाउन र ओलीतन्त्रको रक्षामा ढाल बनेर उभिएका महेश बस्नेतलाई पनि सचिवमा सानदार जित दिलाए
- अध्यक्षमा ह्याट्रिक गरेसँगै बढ्यो ओलीको दम्भ, सरकारविरूद्ध आक्रामक अभिव्यक्ति
- जाँचबुझ आयोगमा बयान नदिने, एमाले नेतृत्वमाथि छोएको दिन देश ठप्प पार्ने चेतावनी, सरकार र जेन-जीबीचको सम्झौता पनि अस्वीकार

■ प्रभाव संवाददाता



**यस्तो बन्यो ओलीको टिम**

| | |
|---|---|
| **अध्यक्ष** | केपी शर्मा ओली |
| **उपाध्यक्ष** | विष्णु पौडेल, रामबहादुर थापा, पृथ्वीसुब्बा गुरुङ, रघुजी पन्त, गोकर्ण विष्ट |
| **महासचिव** | शंकर पोखरेल |
| **उपमहासचिव** | रघुवीर महासेठ, लेखराज भट्ट, योगेश भट्टराई |
| **सचिव** | छविलाल विश्वकर्मा, भानुभक्त ढकाल, पद्मा अर्याल, खगराज अधिकारी, यामलाल कँडेल, राजन भट्टराई, शेरधन राई, हिक्मत कार्की, महेश बस्नेत |

**काठमाडौं–** नेकपा एमालेमा निरन्तर राज गरिरहेका केपी शर्मा ओलीले यसपटक ‘अर्ली महाधिवेशन’ गराए । त्यो पनि इतर पक्षलाई प्यानलै निर्वाचन लड्ने मौका दिएर । चितवन महाधिवेशन सम्झनेहरूले यसलाई ओली अन्तरिक लोकतन्त्रमा खुल्न थालेको भन्दै प्रशंसा थाले ।

तर निर्वाचनको नतिजा र जितपछिको ओली अभिव्यक्ति सुन्दा एमालेमा परिवर्तनको कुनै छनक नदेखिएको प्रस्टै हुन्छ । पदाधिकारीमा निवर्तमान वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलको नेतृत्वमा १९ जनाकै इतर उम्मेदवारी परेको थियो । तर उपाध्यक्षमा गोकर्ण विष्ट र उपमहासचिवमा योगेश भट्टराईले मात्र जित निकाल्न सके ।

बाँकी १७ जना पदाधिकारीमा ओलीकै वर्चश्व रहने भएको छ । यो भनेको ओलीको अनुदार प्रवृत्तिलाई अनुमोदन गर्नु हो । ओलीकै मनपरिका कारण भदौ २३ र २४ गते जेन-जी विद्रोह भएको थियो । जसका कारण सत्तामा रहेका ओली सडकमा पुगेका थिए ।

जेन-जी विद्रोहको माग थियो एमाले नेतृत्वबाट ओलीको बिदाइ । तर ओलीले त्यो हुन दिएनन् । बरु महाधिवेशनबाट ‘ह्याट्रिक’ गरे । आफूलाई जोगाउन र ओलीतन्त्रको रक्षामा ढाल बनेर उभिएका महेश बस्नेतलाई पनि सचिवमा सानदार जित दिलाए ।

जेन-जी विद्रोहको प्रस्ट सन्देश एमाले बदलिनु भन्ने भए पनि प्रतिनिधिहरूले त्यो आवाज नसुनेको एमाले नेता उषाकिरण तिम्सेना बताउँछिन् । ‘पार्टीमा हामी बदलिनुपर्छ कि पर्दैन भन्ने विवाद थियो । महाधिवेशनले जे छ ठिकै छ भन्ने निर्णय दियो,’ तिम्सेनाले भनिन् ।

तिम्सेना एमालेभित्र प्रतिपक्षीका रूपमा चिनिएकी नेत्री हुन् । ओली प्रवृत्तिविरुद्ध खरो आवाज उठाउँदै आएकी उनले केन्द्रीय सदस्यमा उम्मेदवारी दिएकी थिइन् । तर तिम्सेना पराजित भइन् । ओलीको जितलाई एमालेकै नेताहरू अहंकारको अनुमोदन भएको बताउँछन् ।

अध्यक्षमा पुनः निर्वाचन हुनासाथ ओलीले दिएको अभिव्यक्तिबाट नै यो पुष्टि हुन्छ । सरकार र जेन-जीबीच भएको सम्झौतालाई इंगित गर्दै ओलीले भने, ‘यो सरकारसँग संविधानलाई चलाउने कुनै अधिकार छैन । सरकार र जेन-जीबीचको सम्झौता लागू हुन सक्दैन । एमालेले लागू हुन दिँदैन । कि चुनावको तयारी गर, नत्र बाटो लाग्दा हुन्छ ।’

यतिमात्र हैन ओलीले जेन-जी विद्रोहको क्रममा भएको दमन र नरसंहारबारे बयानसमेत नदिने छाँट देखाएका छन् । आफूलाई छोएको दिन यो सरकार ढाल्ने ओलीले चेतावनी दिए ।

क्रमशः पृष्ठ २ मा

## ४० मुनिका १५ जनामा को-को ?

एमालेको केन्द्रीय कमिटीमा युवा क्लस्टरबाट प्रतिनिधित्व गर्ने १५ जनामा खुलातर्फ दुई जना, भूगोलबाट आठ जना तथा समावेशीअन्तर्गत आदिवासी जनजातितर्फ दुई जना, मधेसीबाट तीन जना र दलितबाट दुई जना गरी ४० वर्ष मुनिका युवाको प्रतिनिधित्व भएको छ ।

केन्द्रीय सदस्यको खुला युवातर्फको दुई सिटमा नरेश रोकाया र सुशीलकुमार थापा निर्विरोध निर्वाचित भएका छन् । सातै प्रदेश र उपत्यका विशेष गरी भूगोलतर्फको युवा क्लस्टरमा कडा प्रतिस्पर्धा भएको थियो ।

क्रमशः पृष्ठ २ मा

# सर्तसहित रिहा हुँदै रवि

## दुई करोड ६८ लाख जमानतमा रिहा गर्न उच्च अदालत तुलसीपुरको आदेश



■ जेबी योञ्जन

**काठमाडौं–** राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछाने सर्तसहित रिहा हुने भएका छन् । उच्च अदालत बुटवलको तुलसीपुर इजलासले बिहीबार जारी गरेको आदेशअनुसार उनी चार सर्त पालना गर्नेगरी तारेखमा रिहा हुने भएका हुन् ।

उच्च अदालत बुटवलका सूचना अधिकारी रामबहादुर कुँवरले रविलाई दुई करोड ६८ लाख रूपैयाँ जमानतबापत राख्न र त्यो राखेमा थुनामुक्त गर्न आदेश दिएको हो । यस्तो आदेश दिने न्यायाधीशद्वय बासुदेव आचार्य र तेजनारायण पौडेल हुन् । लामिछानेले बिगोबापतको रकम बुझाएर थुनाबाहिर बस्न पाऊँ भन्दै दिएको रिट निवेदनमाथि बिहीबार भएको सुनुवाइपछि यस्तो आदेश भएको हो ।

लामिछाने बुटवलको सुप्रिम बचत तथा ऋण सहकारी संस्थाको बचत अपचलन प्रकरणमा नक्खु कारागारमा छन् । उनी अदालतले तोकेको सर्तअनुसार जमानतबापतको रकम बुझाएर आज रिहा हुने रास्वपाका महामन्त्री कविन्द्र बुर्लाकोटीले बताए । अदालतले प्रतिरोधको राजनीति खारेज गरेकोसमेत उनले दाबी गरे ।

क्रमशः पृष्ठ २ मा

> प्रतिशोध साँधेर उहाँ (रवि)लाई जेल हालिएको थियो, त्यसविरूद्ध हामीले संघर्ष गर्‍यौं तर अदालतको आदेशबाट न्यायको जित भएको छ । सत्यको जित भएको छ । प्रतिशोधको राजनीति खारेज भएको छ ।
>
> ■ **कविन्द्र बुर्लाकोटी**
> महामन्त्री, रास्वपा

### पक्राउदेखि थुनासम्मको चक्र

| | |
|---|---|
| २ कातिक २०८१ | पक्राउ |
| ३ कातिक | पोखरामा |
| ४ कातिक | पहिलोपटक ६ दिन म्याद थप |
| ८ कातिक | दोस्रोपटक ७ दिन म्याद थप |
| २० कातिक | तेस्रोपटक १० दिन म्याद थप |
| २५ कातिक | चौथो पटक १३ दिन म्याद थप |
| २५ कातिक | पोखराबाट भैरहवा लगेर बयान |
| ९ मंसिर | कास्कीमै पाँचौपटक १५ दिन म्याद थप |
| १३ मंसिर | पोखराबाट बयानका लागि काठमाडौंमा |
| १८ मंसिर | बयानका लागि चितवनमा |
| २३ मंसिर | कास्कीमा छैटौंपटक चार दिन म्याद थप |
| २४ मंसिर | बयानका लागि पोखराबाट पर्सा लगियो |
| २५ मंसिर | पर्सामा बयान |
| २६ मंसिर | पर्साबाट काठमाडौं हुँदै पोखरा लगियो |
| २७ मंसिर | कास्कीमा सातौंपटक पाँच दिन म्याद थप |
| १ पुस | सरकारी वकिल कार्यालयमा अनुसन्धान प्रतिवेदन पेस |
| २ पुस | कास्कीमा चार दिनका लागि आठौंपटक म्याद थप |
| ७ पुस | कास्की अदालतमा सहकारी ठगी, संगठित अपराध र सम्पत्ति शुद्धीकरणको मुद्दा दायर |
| २१ पुस | स्वर्णलक्ष्मी सहकारीको बचत अपचलन प्रकरणमा लामिछानेसहित ३९ जनाविरूद्ध काठमाडौं अदालतमा सहकारी ठगीको मुद्दा दर्ता |
| २५ पुस | ६५ लाख धरौटीमा लामिछाने काठमाडौंबाट रिहा |
| २८ पुस | काठमाडौं अदालतमा उपस्थित, पुनः हिरासतमा |
| २ माघ | काठमाडौं अदालतबाट धरौटीमा रिहा |
| ६ माघ | रुपन्देही जिल्ला अदालतमा मुद्दा दर्ता |
| १३ माघ | रुपन्देही जिल्ला अदालतबाट एक करोड धरौटी लिएर छाड्न आदेश |
| २२ चैत | उच्च अदालत तुलसीपुरको बुटवल इजलासद्वारा कारागार पठाउन आदेश |
| ९ जेठ २०८२ | सर्वोच्च अदालतद्वारा तुलसीपुरको बुटवल इजलासको आदेश सदर |
| ३१ साउन | रुपन्देही जिल्ला कारागारबाट नक्खु कारागारमा स्थानान्तरण |
| २४ भदौ | जेन-जी विद्रोहमा असुरक्षित भएको भन्दै नक्खुबाट निस्किए |
| २८ भदौ | आलोचनापछि नक्खु कारागार फर्किए |
| ३ पुस | तारेखमा रिहा गर्न अदालतको आदेश |

सन्दर्भ: वैदेशिक रोजगार

# श्रमिकमाथि हुने ठगी रोक्न सिआइबीसहितको ‘स्पेसल टास्क फोर्स’ बनाइने

## श्रममन्त्री भण्डारीको उद्घोष- श्रमिकलाई समस्यामा पार्नेलाई छाडिन्न

■ प्रभाव संवाददाता

**काठमाडौं–** श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री राजेन्द्रसिंह भण्डारीले वैदेशिक रोजगारीमा देखिएका समस्या समाधान गर्न ‘स्पेसल टास्क फोर्स’ बनाएर काम गर्ने बताएका छन् । २५औं आन्तर्राष्ट्रिय आप्रवासन दिवसका अवसरमा आयोजित ‘आप्रवासन व्यवस्थापन तथा पुनःएकीकरणका चुनौतीहरू’ विषयक अन्तरक्रिया कार्यक्रममा बोल्दै मन्त्री भण्डारीले टास्क फोर्समा नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) समेतको टोलीले काम गर्ने बताए ।



रोजगारीका लागि विदेसिनु आफैंमा पीडादायी भए पनि कुनै व्यक्ति विदेश जान बाध्य भएर योजना बनाउँदादेखि नै सबैले प्रताडनामा पार्ने गरेको मन्त्री भण्डारीले बताए । टास्क फोर्सले निर्लज्ज भएर श्रमिकलाई समस्यामा पार्ने कसैलाई पनि नछोड्ने उनको दाबी छ । अहिलेको परिवर्तनको मागलाई सम्बोधन गर्दै यो क्षेत्रलाई कसरी व्यवस्थित, पारदर्शी र उत्तरदायी बनाउने भन्नेमा सम्पूर्ण प्रयास केन्द्रित हुने उनले बताए । आफूलाई प्रधानमन्त्रीले उक्त आदेश दिइसकेकाले निर्भीक भएर काम गर्ने मन्त्री भण्डारीको भनाइ छ ।

‘मलाई न भोलिको राजनीति गर्नु छ, न दल बनाउनु छ । सम्माननीय प्रधानमन्त्रीज्यूले तपाईं अनुसन्धान क्षेत्रको भएकाले अनुसन्धानमा फोकस गरेर सबलाई तह लगाउनुहोस् भन्नुभएको छ । उहाँ आफैं पनि सबलाई ठीक पारेर आउनुभएको हो,’ भण्डारीले भने, ‘ठीक पार्नचाहिँ जानेको छु मैले । राम्रो कम गर्नका लागि एक हप्ता पर्याप्त हुन्छ ।’ टास्क फोर्सका लागि सिआइबी र मन्त्रालयको महाशाखाबाट अनुभवी टोली बनाइने जानकारी दिइएको छ । यो कामका लागि साथ दिन मन्त्री भण्डारीले सबैलाई आग्रहसमेत गरेका छन् ।

मन्त्री भण्डारीले आफूलाई भेट्न आएका वैदेशिक रोजगार व्यवसायीहरूलाई प्रमाणसहित समस्या र त्यसको कारण लिएर आउन भने पनि त्यसपछि कुनै जवाफ नपाएको बताए । ‘वैदेशिक रोजगार व्यवसायीले कर्मचारी र कर्मचारीले व्यवसायीलाई दोषारोपण गरिरहनुहुन्छ । मैले वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष भुवनसिंह गुरुङसँग मेरा यो-यो व्यवसायीले दलाली गरिरहेका छन्, दुःख दिइरहेका छन्, तपाईंहरूका यो-यो कर्मचारी मिलेका छन् भनेर लेटरप्याडमा प्रमाणसहित उजुरी लिएर आउनुहोस् भनें । उहाँले हुन्छ/हुँदैन केही भन्नुभएको छैन,’ मन्त्री भण्डारीले भने ।

क्रमशः पृष्ठ २ मा

VACANT
तु-आवश्यकता
एक प्रतिष्ठित म्यानपावर कम्पनीका लागि निम्न कर्मचारीहरू आवश्यक भएको हुँदा दक्ष व्यक्तिहरूले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।

1) Recruitment Manager -1 (Male)
2) Public Relation Officer (PRO) - 4 (Male/Female)
3) Documentation Officer -1 (Male/Female)
4) Receptionist - (Male/Female)

Requirements:-
- English Speaking
- Computer Literate
- Experienced in Manpower field
- Pleasant Personality

Attractive Salary & Bonuses

Send Your CV at nileintl1@gmail.com
Contact us at 9851431559

Nile International Manpower Agency Pvt. Ltd.
Sinamangal, Kathmandu, Nepal Tel : +977-1-4599491, 4578036,
Email : info@nileintlmanpower.com
Website: www.nileintlmanpower.com
श्रम इजाजत नं. ८२०/०६६/०६७

## पृष्ठ १ बाट क्रमशः

### महाधिवेशनबाट...

'नेकपा एमाले को नेतृत्वमाथि प्रचारको हल्लाले भएन । अब भौतिक हमलाद्वारा आक्रमण गर्ने अथवा जाली मुद्दा लगाउने पञ्चायतकालीन कुकर्महरूको फेरि थालनी गर्ने हल्ला मच्चाइएको छ । यो मिडिया ट्रायल यथार्थ हल्ला हुन सक्दछ,' अध्यक्षमा विजयी भएर शपथ लिएलगत्तै ओलीले भने, 'म तपाईंहरूलाई भन्न चाहन्छु एमाले नेतृत्वमाथि छोएको दिन देश ठप्प हुनुपर्छ । यो सरकार ढल्नुपर्छ । ढालिने छ यो सरकार ।'

यसका लागि एमाले देशभरिबाट तयारी हालतमा बस्नुपर्नेसमेत उनले बताए । 'संसारमा केही महँगो पर्थ्यो भने एमालेलाई छुनु महँगो पर्ने छ । यो कुराका लागि हामीले कुराले होइन कामले तयार हुनुपर्दछ । गरेर देखाउनुपर्दछ,' ओलीले भने ।

#### अध्यक्षमा ओली, पदाधिकारीमा को-को आए ?

एमालेको ११औं महाधिवेशनले ओलीलाई पुनः अध्यक्षमा निर्वाचित गरेको छ । ओलीले एक हजार ६६३ मत पाउँदा प्रतिद्वन्द्वी ईश्वर पोखरेलले ५६४ मत पाएका छन् । केन्द्रीय निर्वाचन आयोगका अनुसार उपाध्यक्षमा पृथ्वीसुब्बा गुरुङले एक हजार ७३७ मत, विष्णुप्रसाद पौडेलले एक हजार ६७५ मत, रामबहादुर थापाले एक हजार ५१६ मत, गोकर्णराज विष्टले एक हजार ३६८ मत र रघुजी पन्तले एक हजार २५८ मत पाएर निर्वाचित भए ।

त्यसैगरी महासचिवमा ओली प्यानलकै शंकर पोखरेल एक हजार २२८ मत पाउँदै निर्वाचित भए। उनका प्रतिद्वन्द्वी सुरेन्द्र पाण्डेले ९९९ मत पाए । उपमहासचिवमा लेखराज भट्टले एक हजार ४५२, रघुवीर महासेठले एक हजार ३६८ र योगेश भट्टराई एक हजार ३४८ मत पाउँदै निर्वाचित भए । सचिवमा महेश बस्नेतले एक हजार ५४४, छविलाल विश्वकर्माले एक हजार ५०६, पद्माकुमारी अर्यालले एक हजार ५३०, शेरधन राईले एक हजार ५०३, हिक्मतकुमार कार्कीले एक हजार ३३७, खगराज अधिकारीले एक हजार ३३१, यमलाल कँडेलले एक हजार १८५, राजन भट्टराईले एक हजार १८१ र भानुभक्त ढकाल एक हजार १०८ मत पाउँदै निर्वाचित भए ।

#### ओलीसहित १४ पदाधिकारी केन्द्रीय सदस्यमा पराजित

एमालेका १४ जना पदाधिकारी केन्द्रीय सदस्यमा पराजित भएका छन् । अध्यक्षमा निर्वाचित केपी शर्मा ओली केन्द्रीय सदस्यमा पराजित भए । त्यस्तै, उपाध्यक्ष विष्णु पौडेल, रामबहादुर थापा, महासचिवमा शंकर पोखरेल पनि केन्द्रीय सदस्यमा पराजित भए । उपमहासचिवमा लेखराज भट्ट, रघुवीर महासेठ पनि केन्द्रीय सदस्यमा पराजित भए । सचिवमा निर्वाचित भएका महेश बस्नेत, पद्माकुमारी अर्याल, शेरधन राई, हिक्मत कुमार कार्की, खगराज अधिकारी र यामलाल कँडेल पनि केन्द्रीय सदस्यमा पराजित बने । यसैगरी उपमहासचिवमा पराजित विष्णु रिमाल केन्द्रीय सदस्यमा पनि पराजित भए । महासचिवमा उम्मेदवारी दिएका सुरेन्द्र पाण्डे केन्द्रीय सदस्यमा पनि अनुमोदन हुन सकेन । महासचिवमा ९९९ मत पाएका पाण्डेले केन्द्रीय सदस्यमा ९६१ मतमात्र पाए ।

१९ पदाधिकारीमध्ये पृथ्वीसुब्बा गुरुङ, गोकर्णराज विष्ट, रघुजी पन्त, योगेश भट्टराई र छविलाल विश्वकर्माले केन्द्रीय सदस्यमा जित निकाले । एमाले विधानमा पदाधिकारी र केन्द्रीय दुवैतर्फ उम्मेदवार बन्न पाउने व्यवस्थाअनुसार नेताहरूले दुवैतर्फ उम्मेदवारी दिएका थिए । जसमा अधिकांश पराजित भएका हुन् ।

■■■

### ४० मुनिका...

यसमध्ये कोशी प्रदेशबाट क्षितिज थेबे, मधेस प्रदेशबाट इञ्जिनियर मोबिन आलम, बागमती प्रदेशबाट निशा अधिकारी, गण्डकी प्रदेशबाट नवराज ओझा, लुम्बिनी प्रदेशबाट लिलामणि गौतम, कर्णाली प्रदेशबाट रुद्रबहादुर शाही र सुदूरपश्चिम प्रदेशबाट गोविन्द गिरी र राजधानी विशेषबाट सुनिता डंगोल निर्वाचित भएका छन् ।

समावेशी क्लस्टरको पाँच जना युवामध्ये आदिवासी जनजाति युवातर्फ सम्राट गौचन र मनोज ताम्ली निर्वाचित भएका छन् । मधेसी युवातर्फ अमरकुमार यादव र रौनित शाह निर्वाचित भएका छन् । दलित युवातर्फ निता घतानी निर्वाचित भएका छन् ।

■■■

### सर्तसहित...

'प्रतिशोध साँधेर उहाँ (रवि)लाई जेल हालिएको थियो, त्यसविरुद्ध हामीले संघर्ष गर्‍यौं तर अदालतको आदेशबाट न्यायको जित भएको छ । सत्यको जित भएको छ,' उनले प्रभावसँग भने, 'प्रतिशोधको राजनीति खारेज भएको छ ।'

उच्च अदालतले १३ माघ २०८१ मा जिल्ला अदालतले रिहा गर्दा माग गरेको एक करोड रूपैयाँ धरौटी रकम कायमै राख्ने सर्त राखेको छ । लामिछानेले आफ्नो भागमा पर्न सक्ने भन्दै बुझाएको दुई करोड ७४ लाख ८४ हजार रूपैयाँ रकम स्वीकार गर्ने, अदालतबाट अन्तिम फैसला हुँदा त्योभन्दा धेरै दायित्व सिर्जना भए थप रकम तिर्ने मञ्जुरीको कागज गराएर लामिछानेलाई थुनामुक्त गर्ने र लामिछानेलाई व्यक्तिगत वा संस्थागतरूपमा विदेश यात्रा गर्नुपरेमा अदालतलाई पूर्वजानकारी दिनुपर्ने सर्त अदालतको छ ।

यी सर्तहरू पूरा गर्ने कागजी प्रक्रियाका लागि लामिछाने जिल्ला अदालत रूपन्देही जानुपर्ने छ । सोही प्रक्रिया पूरा नहुँदा बिहीबार कारागारमै रहे । लामिछानेलाई रिहा गर्ने आदेशले रास्वपा नेता कार्यकर्ता उत्साहित भएका छन् । उनीहरू आदेशलगत्तै रिहा हुने आशमा नक्खु कारागार परिसर पुगेका थिए ।

लामिछाने गत भदौ २४ गते जेन-जी विद्रोह उत्कर्षमा पुगेको बेला समर्थकहरूको साथमा नक्खु कारागारबाट बाहिर आएका थिए । मुद्दा चलिरहेको व्यक्ति अदालतको आदेशविनै विद्रोहको फाइदा उठाएर निस्किएको भन्दै उनको चौतर्फी आलोचना भयो । त्यसपछि २८ भदौमा उनी कारागार फर्किए । फर्किनुअघि आफू लोकतन्त्र र विधिको शासनप्रति प्रतिबद्ध राजनीतिकर्मी भएको उनको तर्क थियो । तर, तत्कालीन केपी ओली नेतृत्वको सरकारले आफूमाथि प्रतिशोध साँधेको र दुःख दिएको आरोप लगाएका थिए ।

लामिछानेलाई जिल्ला अदालत रूपन्देहीले १३ माघ २०८१ मा बचत अपचलन, संगठित अपराधजस्ता मुद्दामा थुनछेक बहसको क्रममा एक करोड रूपैयाँ धरौटीमा रिहा गर्न आदेश दिएको थियो । त्यसविरुद्ध सरकारी वकिल उच्च अदालत गएको थियो । त्यसबेला भने उच्च अदालतको बुटवल इजलासले जिल्ला अदालतको आदेश खारेज गर्दै लामिछानेलाई थुनामै राख्न आदेश दिएको थियो । उच्चको आदेशपछि केही समय थुनाबाहिर रहेका लामिछाने गत चैतमा फेरि पक्राउ परे ।

लामिछानेविरुद्ध काठमाडौं, चितवन र पोखरामा फरक-फरक मुद्दाहरू विचाराधीन छन् । उनी २ कात्तिक २०८१ मा पार्टी केन्द्रीय कार्यालयबाट पक्राउ परेका थिए । उनलाई सूर्य थापा सभापति रहेको सहकारीको बचत अपचलन छानबिन गर्न गठित संसदीय समितिले सहकारीहरूको बचत अपचलनमा जिम्मेवार ठहर गरेको थियो । त्यस आधारमा पक्राउ परेका लामिछानेलाई कात्तिक ३ गते कास्कीको पोखरा लगिएकोमा ४ गते हिरासतमा राखेर अनुसन्धान गर्न प्रहरीलाई अनुमति दिएको थियो । लामिछानेको पक्राउलाई लिएर त्यसबेला रास्वपाले पोखरामा आन्दोलन चर्कायो । प्रतिशोधपूर्ण ढंगले आफ्ना सभापतिलाई पक्राउ गरेको भन्दै रास्वपा नेता कार्यकर्ताले रिहा गर्न दबाब दिए ।

लामिछाने कास्कीको सूर्यदर्शन सहकारी, बुटवलको सुप्रिम, काठमाडौंको स्वर्णलक्ष्मी र पर्साको छिपछिपे सहकारीमा बचत अपचलन गरेको मुद्दामा प्रतिवादी छन् । ग्यालेक्सी फोरके टेलिभिजनमा उनका व्यावसायिक साझेदार जिबी राईसँग मिलेर ती सहकारीहरूको बचत गैरकानुनीरूपमा लगेर अपचलन गरेको आरोप छ । तर, लामिछानेले ती आरोप अस्वीकार गर्दै आएका छन् । आफूमाथि प्रतिशोध साँधिएको उनको तर्क छ ।

■■■

### श्रमिकमाथि...

विश्वव्यापी रूपमा एक करोड ६९ लाखभन्दा बढी आप्रवासी श्रमिक रहेको अवस्थामा हाम्रो मुलुकबाट मात्र गत आव २०८१/८२ मा आठ लाख ३९ हजार विदेसिएकामा मन्त्री भण्डारीले चिन्ता व्यक्त गरेका छन् । साथै, वैदेशिक रोजगार बोर्डले हरेक वर्ष शव व्यवस्थापनलाई उपलब्धि भन्दै सार्वजनिक गर्ने गरेकोमा उनले असन्तुष्टि व्यक्त गरे ।

'शव ढुवानीमा मात्रै करोडौं खर्च गर्नु उपलब्धि भएको छ । यहाँ छ समस्या । फेरि अर्को वर्ष पनि यति जनाको शव व्यवस्थापन भयो भन्दै लेख्नुहुने छ,' मन्त्री भण्डारीले भने, 'अब रोजगारीबाट फर्किएकाहरूका लागि यति खर्च भयो, उनीहरूले यति योगदान पुर्‍याए भनेको सुन्न परोस् ।'

वैदेशिक रोजगार बोर्डद्वारा आयोजित कार्यक्रममा नेपाल श्रम आप्रवासन प्रतिवेदन, २०२४ समेत सार्वजनिक गरिएको थियो । कार्यक्रममा बुधबार व्यवसायी र मन्त्रालयबीच भएको मैत्रीपूर्ण फुटसलमा सहभागीहरूलाई सम्मानित गरिएको थियो ।

अन्तर्राष्ट्रिय श्रम संगठन आइएलओ, सेफर माइग्रेसन प्रोजेक्ट (सामी) परियोजना, ट्रेड युनियन, रिटर्नी माइग्रेन्ट (रेमी) परियोजना, वैदेशिक रोजगार विभाग, व्यवसायी लगायत सम्पूर्ण सरोकारवालाको उपस्थीति रहेको कार्यक्रममा रोजगारीबाट फर्किएर यहाँ व्यवसाय सञ्चालन गरिरहेकाहरूले पनि आफ्नो अनुभव राखेका थिए । दिवसका अवसरका बिहीबार बिहान 'वाक फर माइग्रेन्ट वर्कर राइट' भन्ने नारासहित वाकाथनसमेत आयोजना गरिएको थियो । बनेश्वरको अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रदेखि बसन्तपुर दरबार स्क्वायरसम्म पुगेको उक्त र्‍यालीमा सयौंले सहभागिता जनाएका थिए ।

---

## मुकुल बचत तथा ऋण सहकारी संस्था लि.
### बालुवाटार, काठमाडौंको

## १७औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

यस संस्थाको सचालक समितिको मिति २०८२/०८/२२ गते बसेको बैठकको निर्णय बमोजिम संस्थाको १७ औं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा तपसिलका विषयहरूमा छलफल गर्ने गरी बस्ने भएको हुँदा सम्पूर्ण शेयर सदस्य महानुभावहरूलाई साधारण सभामा उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौं ।

**सभा हुने मिति, समय र स्थानः**

**मिति** : २०८२/०९/२५ गते, शुक्रबार ।
**समय** : बिहान ११:१५ बजे ।
**स्थान** : संस्थाको कार्यालय, बालुवाटार, काठमाडौं ।

**छलफलका विषयहरू :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूबाट प्रस्तुत गरिने बार्षिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने सम्बन्धमा ।
२. आ.व. २०८१/०८२ को लेखापरीक्षण प्रतिवेदन माथि छलफल गरी पारित गर्ने सम्बन्धमा ।
३. आ.व. २०८१/०८२ को लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन माथि छलफल गरी पारित गर्ने सम्बन्धमा ।
४. चालु आ.व. ०८२/०८३ को लागि लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण सम्बन्धमा ।
५. आ.व.०८१/०८२ मा सञ्चालक समितिको निर्णयले भए गरेका सम्पूर्ण कार्यहरूको अनुमोदन गर्ने सम्बन्धमा ।
६. सञ्चालक समिति लेखा सुपरिवेक्षण समितिको भत्ता पारीत गर्ने सम्बन्धमा ।
७. संस्था एकिकरण गर्ने सम्बन्धमा ।
८. सञ्चालक समिति, लेखा सुपरिवेक्षण समितिको निर्वाचन गर्ने सम्बन्धमा ।
९. साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्नका लागि प्रतिनिधि चयन गर्ने सम्बन्धमा ।
१०.विविध ।

**सञ्चलाक समितिको आज्ञाले**
**अध्यक्ष**

---


## कतारमा रोजगार
कम्पनी : ALALAM AL JADEED COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०९/०३ | LT. No. 335267 | चलानी नं. ६०२४८९४०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Salesperson (Male) | 16 | 0 | 1300 | ५१,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Receptionist | 3 | 0 | 1100 | ४३,६६० | | | | | | | |
| 3. | Purchase Representative | 3 | 0 | 2200 | ८७,३२५ | | | | | | | |
| 4. | Sales Supervisor | 3 | 0 | 3000 | ११९,०७५ | | | | | | | |
| 5. | Store Keepers | 3 | 0 | 1900 | ७५,४१५ | | | | | | | |
| 6. | Public Area Supervisor | 3 | 0 | 3000 | ११९,०७५ | | | | | | | |
| 7. | Warehouse Clerk | 3 | 0 | 2100 | ८३,३६० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ पुस ११ गते (26th Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 290/059/60
NEPAL PLACEMENT AGENCY PVT. LTD.
Shuberna Shamsher Marg, Ward No. 4, Baluwatar, Kathmandu, Nepal, Tel: +977-1-4531239, 4532999
KTM: 9851002903, Email : info@npajobs.com, Web : www.npajobs.com



## साउदीमा रोजगार
कम्पनी : NASHMIYA AWADALLAH KHASAWI AL-MUTAIRI AUTO REPAIR WORKSHOP.

पूर्व स्वीकृति मिति : २०८२/०९/०२ | LT. No. 335397 | चलानी नं. ६०२४८९२८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load unload Worker | 3 | 0 | 1200 | ४६,१७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ पुस ११ गते (26th Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

TARGET
Target Consultant Human Resources Pvt. Ltd.
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
E-mail: info@targetnepal.com, Web: www.targetnepal.com
श्रम इजाजत नं. ८३३/०६६/०६७



## साउदीमा रोजगार
कम्पनी : DROPS CONSUMER GOODS DELIVERY COMPANY

पूर्व स्वीकृति मिति : २०८१/११/२३ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०९/०३ | LT. No. 320053 | चलानी नं.६०२३४१७४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Light Driver | 15 | 0 | 140 | ६५,८४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ पुस ११ गते (26th Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

All Asia Overseas Pvt.Ltd
Ratopul, Gaushala-7, Kathmandu, Nepal
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com
श्रम इजाजत नं. १३०५/०७४/०७५



## कतारमा रोजगार
कम्पनी : BLEUE LLC

पूर्व स्वीकृति मिति : २०८२/०३/०५ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०९/०३ | LT. No. 325841 | चलानी नं. ६०२३९८२८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 1 | 0 | 1500 | ५६,९४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Floweriest /Flower Maker | 1 | 0 | 1300 | ३९,३५० | | | | | | | |
| 3 | Labour | 1 | 0 | 1000 | ३७,९६० | | | | | | | |
| 4 | Sales Superviser | 1 | 0 | 2500 | ९४,९०० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ पुस ११ गते (26th Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

CONFIDENT INTERNATIONAL MANPOWER PVT.LTD
Sinamangal-9, Kathmandu, Nepal, Ph. No: 01-5918958-01-5918957
E-mail : confident1423@gmail.com, Web: www.confidentmanpower.com
श्रम इजाजत नं. १४२३/०७४/७५



## ओमनमा रोजगार
कम्पनी : GENTLEMAN CREATIVITY

पूर्व स्वीकृति मिति : २०८२/०९/०३ | LT. No. 335261 | चलानी नं. ६०२४८९४५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Arabic Coffee Maker | 1 | 0 | 150 | ५६,३४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ पुस ११ गते (26th Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ४५१/०६०/६१
HIMALAYAN HUMAN RESOURCES NEPAL PVT. LTD.
Basundhara Chowk-8,Tokha, Kathmandu, Nepal, Tel: 01-4354342, Cell: +977 9823348542,
E-mail : hrnhimalayan@gmail.com, Web: www.hrnhimalayan.com



## कुवेतमा रोजगार
कम्पनी : AYAR COMPANY FOR CARPENTRY AND BLACKSMITHING WORKS

पूर्व स्वीकृति मिति : २०८२/०९/०३ | LT. No. 335507 | चलानी नं. ६०२४८९७२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaning Labour -Indoor | 12 | 0 | 90 | ४२,३३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 15 | 0 | 120 | ५६,४४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ पुस ११ गते (26th Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. 1543/078/079
Index Recruitment Pvt. Ltd.
Chabahil - 7, Kathmandu, Nepal,Tel No. +977-01-5911443 Mo.NO. 9813850986, 9814269669
E-mail : info@indexrecruitment.com.np ,www. www.indexrecruitment.com.np



## MAURITIUS मा रोजगार
कम्पनी : TAYELAMAY & SONS ENTERPRISELTD

पूर्व स्वीकृति मिति : २०८०/१२/१८ | पुनः विज्ञापन स्वीकृति मिति : २०८२/०९/०३ | LT. No. 330842 | चलानी नं. ६०२४४७७१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Mason Grade | 30 | 0 | 18332 | ५७,४९८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Carpenter Grade | 40 | 0 | 18332 | ५७,४९८ | | | | | | | |
| 3. | Steel Fixer grade | 27 | 0 | 18332 | ५७,४९८ | | | | | | | |
| 4. | Cook | 2 | 0 | 19000 | ५९,५९४ | | | | | | | |
| 5. | Camp Boss | 1 | 0 | 22000 | ६९,००३ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ पुस ११ गते (26th Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

GRACE OVERSEAS PVT. LTD.
Chappalkarkhana-04, Kathmandu, Nepal, Tel : +977-01-4526853, Mobile: 9851086232, 985-2071785
Email: infograceoverseas@gmail.com, Web: www.graceoverseas.com.np
Govt. License 852/066/067



## कुवेतमा रोजगार
कम्पनी : THE BAKER BOYS CAFE & RESTAURANT COMPANY

पूर्व स्वीकृति मिति : २०८२/१०/११ | पुनः विज्ञापन स्वीकृति मिति : २०८२/०९/०३ | LT. No. 317608 | चलानी नं. ६०२३१९०९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hostess | 0 | 1 | 150 | ७०,५५३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Waiter & Waitress | 2 | 3 | 150 | ७०,५५३ | | | | | | | |
| 3. | CLEANER MALE | 1 | 0 | 150 | ७०,५५३ | | | | | | | |
| 4. | Pizza Makar | 1 | 0 | 150 | ७०,५५३ | | | | | | | |
| 5. | Team Leader (Male) | 1 | 0 | 150 | ७०,५५३ | | | | | | | |
| 6. | CDP Hot | 1 | 0 | 180 | ८४,६६४ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ पुस ११ गते (26th Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ERN EXPRESS Govt. License No. 1613/079/080
EXPRESS RECRUITER NEPAL PVT. LTD
Dhumbarahi-4, Kathmandu, Nepal, Ph. No: +977-01-5916897,5917897, E-mail : expressrecruiternepal.com, expressrecruiter.nepal@gmail.com



## कतारमा रोजगार
कम्पनी : ART SHOW FOR ORGANIZING EXHIBITIONS AND FESTIVALS AND HOSPITALITY

पूर्व स्वीकृति मिति : २०८२/०६/०५ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०९/०३ | LT. No. 331403 | चलानी नं. ६०२४५१६१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labor | 0 | 2 | 1300 | ५१,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Drivers | 1 | 0 | 2000 | ७९,३८५ | | | | | | | |

कम्पनी : SALWA POPULAR KITCHENS

पूर्व स्वीकृति मिति : २०८१/१२/१७ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०९/०३ | LT. No. 321250 | चलानी नं. ६०२३५४४८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labor | 2 | 0 | 1000 | ३९,६९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Assistant Cook | 2 | 0 | 1300 | ५१,६०० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ पुस ११ गते (26th Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 1476/074/75
NEPAL LIFE RECRUITMENT AGENCY PVT LTD
Gaushala, Pingalaisthan, Kathmandu, Nepal, Tel: 014598920,
Mob: 9801076290, E-mail : nepallifera1476.2017@gmail.com


---

# Kepilasgadhi Rural Municipality
## Office of Rural Municipal Executive
### Baksila, Khotang
### Website: kepilasgadhimun.gov.np

## Invitation For E-Bids

**Date of publication: 2082/09/04 (19th Dec, 2025)**

Kepilasgadhi Rural Municipality , Office of Rural Municipal Executive, Baksila, Khotang , Nepal invites open competetive Bidding (Electronic Bids Only) from eligible and qualified bidders for the following work under NCB procedures. For More Detail, Eligible and interested bidders may visit and download the bid documents from e-GP system. PPMO's website: http/www.bolpatra.gov.np/egp.

| Contract Id | Description of Works | Last Date Of Bid Submission | Bid Security Amount | Bid Document Fee |
|---|---|---|---|---|
| 06/KRM/NCB/WORKS/2082/083 | Saralung Chhemsune Nagi Khartamchha Sukrabare Drinking Water Supply Project | 18th Jan, 2026 12:00 P.M. | 7,60,000 Nrs | 5000 |

**Chief Administrative Officer**

# राष्ट्रिय प्रकृति संरक्षण कोषको सदस्यसचिवमा डा. सुवेदी

**काठमडौं (प्रस)–** राष्ट्रिय प्रकृति संरक्षण कोषको सदस्यसचिव पदमा संरक्षणविद् डा. नरेश सुवेदी नियुक्त भएका छन् । प्रकृति संरक्षण कोष ऐन, २०३९ मा भएको व्यवस्थाबमोजिम बोर्डले उनलाई बिहीबार सदस्यसचिव पदमा नियुक्त गरेको हो ।

विगत २५ वर्षदेखि कोषको सेवामा निरन्तर कार्यरत डा. सुवेदी यसअघि कोषको वरिष्ठ निर्देशक पदको जिम्मेवारीमा थिए । पदीय जिम्मेवारीका क्रममा डा. सुवेदीले नेपालको प्रकृति संरक्षण र जैविक विविधताको क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका छन् । उनकै पहल र सक्रियतामा नेपाल सरकारले ललितपुरस्थित सदर चिडियाखानाको व्यवस्थापन आगामी ३० वर्षका लागि पुनः राष्ट्रिय प्रकृति संरक्षण कोषलाई नै जिम्मा दिने निर्णय गरेको थियो ।



यसका साथै, उनको नेतृत्वदायी क्षमता र अन्तर्राष्ट्रिय समन्वयका कारण विभिन्न दातृ निकायबाट संरक्षण केन्द्रित २०० भन्दा बढी परियोजनाहरू कोषमा भित्रिएका छन् । यसैगरी प्राज्ञिक र अनुसन्धानको क्षेत्रमासमेत डा. सुवेदीको उपस्थिति प्रभावशाली रहेको कोषले जनाएको छ । उनका हालसम्म करिब २०० भन्दा बढी उच्चस्तरीय अनुसन्धानमूलक कृतिहरू प्रकाशित भइसकेका छन् भने दुई दर्जनभन्दा बढी शोधकर्तालाई विद्यावारिधि (पिएचडी) तहमा मार्गदर्शन गरेका छन् ।

संरक्षण विज्ञान र व्यवस्थापनमा दखल राख्ने डा. सुवेदीको कार्यकालमा प्रकृति संरक्षण, वन्यजन्तु व्यवस्थापन र जलवायु अनुकूलनका क्षेत्रमा थप नवीन र रणनीतिक उपलब्धि हासिल गर्ने अपेक्षा गरिएको छ ।

प्रतिनिधिसभा निर्वाचन

## चुनाव प्रचारप्रसारमा १० वटाभन्दा बढी झण्डा प्रयोग गर्न नपाइने

**काठमाडौं–** निर्वाचन आयोगले चुनाव प्रचारप्रसारका क्रममा धेरै झण्डाको प्रयोग गर्न नदिने तयारी गरेको छ । आयोगले आगामी फागुन २१ गतेका लागि तय भएको प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि प्रस्ताव गरेको प्रस्तावित आचारसंहितामा झण्डा प्रयोगका सम्बन्धमा नयाँ व्यवस्था गरेको हो ।

आयोगका अनुसार कुनै पनि राजनीतिक दलले आयोजना गर्ने आमसभा, जुलुस कोणसभा वा घरदैलो जस्ता कार्यक्रममा १० वटा मात्रै झण्डाको प्रयोग गर्न सक्ने छन् । दलको झण्डा आवश्यकताभन्दा बढी प्रयोग गरेर दुरूपयोग नहोस् भन्ने मनसायका साथ आयोगले त्यस्तो प्रबन्धको प्रस्ताव गरेको हो ।

आयोगले उम्मेदवार वा दलको कार्यालयमा साइनबोर्ड तथा कपडामा बनाई तीन–चार फिटको दलको झण्डा र सोही नापको चुनाव चिह्न राख्नबाहेक दलको प्रचारप्रसार गर्ने उद्देश्यले कुनै पनि प्रकारको डिजिटल बोर्ड, फ्लेक्स वा ग्लुसाइन बोर्ड राख्न, श्रव्य सामग्री बजाउन र श्रव्यदृश्य सामग्री प्रदर्शन गर्न नहुने उल्लेख गरेको छ ।

प्रस्तावित आचारसंहितामा १० वटा झण्डा र चुनाव चिह्न प्रयोग गर्न तथा राजनीतिक दल तथा उम्मेदवारको नाम र चिह्न भएको एउटामात्रै तुल वा फ्लेक्स राख्न पाइने प्रस्ताव गरिएको छ । यसैगरी निर्वाचन प्रचारका लागि घरदैलोमा जाँदा उम्मेदवार, प्रस्तावक, समकर्थकसहित २५ जनाभन्दा बढीको जुलुस प्रदर्शन गर्न पाइने छैन । चुनाव प्रचारका क्रममा जाँदा बाजागाजा तथा झाँकीसहित जान नहुने व्यवस्था गर्न लागिएको छ । अनलाइन, वेबपेज, टिभी, स्क्रोलिङ, सपिङ मलमा डिस्प्ले, कल सेन्टर सञ्चालन, बैंकका एटिएम, काउन्टरमा सन्देश वा सडक नाटक आदि माध्यमबाट दलको वा उम्मेदवारबारेमा कुनै पनि प्रचारप्रसार गराउन पाइने छैन । तर, राजनीतिक दल वा उम्मेदवारले बढीमा एउटा निजी र आधिकारिक वेबपेजमा त्यस्तो प्रचार सामग्री राख्न भने बाधा पर्ने छैन ।

दलको झण्डाको वा दल एवं उम्मेदवारको चुनाव चिह्नको तोरण बनाई सार्वजनिक प्रदर्शन गर्न वा गराउन पाइने छैन । कुनै पनि प्रकारको भित्ते लेखन गर्न वा गराउन, चारपांग्रे गाडी, मोटरसाइकल, साइकल, बयलगाडा, रिक्सा, टाँगा, ठेलागाडालगायतका कुनै प्रकारका सवारीसाधन प्रयोग गरी ऱ्याली आयोजना गर्न वा प्रचारप्रसार गर्न नहुनेगरी आचारसंहिताको प्रस्ताव गरिएको छ । आयोगले निर्वाचनलाई स्वच्छ, शान्त र मर्यादित बनाउने गरी आचारसंहिताको प्रस्ताव गरिएको जनाएको छ । *रासस*

## काभ्रेमा मालबहाक टिपर सञ्चालनमा नियमन गरिने

**काभ्रेपलाञ्चोक (प्रस)–** काभ्रेपलाञ्चोकहुँदै विभिन्न क्षेत्रमा सञ्चालन भइरहेको मालबहाक सवारी टिपर सञ्चालनमा नियमन गरिने भएको छ । जिल्ला प्रशासन कार्यालय धुलिखेलले टिपरको ओभरलोडलगायतका विषयमा नियमन गर्ने चारबुँदे निर्णय गरेको हो ।

प्रमुख जिल्ला अधिकारी गोपालकुमार अधिकारीको अध्यक्षतामा बसेको नदीजन्य पदार्थ ढुवानी तथा ट्राफिक व्यवस्थापनमासम्बन्धी सरोकारवालाको बैठकले यस्तो निर्णय गरेको हो । बैठकले काभ्रेपलाञ्चोकको विभिन्न स्थानीय तहभित्र सञ्चालित नदीजन्य पदार्थ खानी तथा क्रसर उद्योग एवं हाल सञ्चालित आयोजनाका लागि निर्माण सामग्री (ढुंगा, गिट्टी, बालुवा) लोड गर्दा ओभरलोड गरेको र सीधै खोलाबाट पानीसहितको निर्माण सामग्री लोड गरी पक्की सडकमा पानी चुहाउँदै गुडेका कारणले सडक, सुरक्षा, ट्राफिक व्यवस्थापनमा समस्या उत्पन्न भएकाले अब उप्रान्त खानी सञ्चालक र टिपर व्यवसायीबाट ओभरलोड नगरी पानीसहितको निर्माण सामग्री ढुवानी नगर्ने/नगराउने व्यवस्था गर्ने निर्णय गरेको छ ।

यस्तै निर्माण सामग्री ओसार पसार गर्ने सवारी पासअनुमति लिएका केही टिपरले पासको दुरूपयोग गरी सम्बन्धित आयोजना/योजनामा निर्माण सामग्री नलगी अन्यत्रसमेत लैजाने गरेका पाइएकाले सम्बन्धित आयोजना/योजना प्रमुखले त्यस्तो दुरूपयोग नहुने व्यवस्था कडाइकासाथ मिलाउने निर्णयमा उल्लेख गरिएको छ ।


**नेपाल मोबिलिटी सोलुसन्स प्रा. लि.**
**(लिक्वीडेशन) सम्बन्धमा हकदावी गर्न आउने बारे ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ वमोजिम मितिः २०८०–०३–१९ मा दर्ता भएको प्रा.लि.नं. ३१४८४७ को नेपाल मोबिलिटी सोलुसन्स (प्रा. लि.) लाई खारेजी (लिक्वीडेशन) मा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ वमोजिम मितिः २०८२/०९/०२ गतेको विशेष साधारण सभाले निर्णय गरेकोले यस कम्पनीले तिर्नु व्यहोर्नु पर्ने ऋण, धन एवं कोही कसैको बाँकी वक्यौता लेनदेन आदि भएमा स–प्रमाण सहित हकदावी गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धीत सबैको जानारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**लिक्वीडेटरः श्री रमेश हरि अधिकारी**
**इजाजत पत्र नं. ५४७, फोनः ९८४२६३८३६७**

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मिति : २०८२/०९/०४ गते**

यस कम्पनीको मिति २०८२/०७/२६ को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **करियर वेभ्स एजुकेशनल कन्सलटेन्सी**को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/०८/०५ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **करियर वेभ्स ट्रेडर्स (प्रा.लि.नं. २१३००२)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मिति : २०८२/०९/०४ गते**

यस कम्पनीको मिति २०८२/०८/१४ को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **जानकी विद्या मन्दिर जनकपुर**को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/०८/२२ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **पाथवेज इन्टरनेशनल एकेडेमी (प्रा.लि.नं. ९३९२२)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।



**Ajirkot Rural Municipality**
**Office of Rural Municipal Executive**
**Bhachchek, Gorkha**

**Invitation For Bids**

**Notice No :05/ARM/2082-083**
**Third Date of Publication: 2082-09-4 (19th Dec 2025)**

1. Ajirkot Rural Municipality, Office of Rural Municipal Executive, Bhachchek invites open competitive electronics bidding from eligible bidders for the following works under National Competitive Bidding Procedures.

| S.N | IFB No: | Description of Works | Bid Document Fee (NRs) | Bid Security Amount (NRs) | Estimated Amount (With VAT and PS) NRs | Bid Security Validity Period (Days from the date of Bid Opening) | Remarks |
|---|---|---|---|---|---|---|---|
| 2. | ARM/NCB/ GOODS/ 02/2082-083 | Supply and Delivery of Free Medicines & Medicinal | Accessories for Bhachchek Basic Hospital | 3000.00 | 72,500.00 | 28,99,982.73 | 120 Days |

2. Date of Submission & Opening of Bids.

| Last Date of Submission of Bids | Date of Opening of Bids | Employer's Bank Account Details for Purchasing Bid Document. | Employers Bank Account Details to Deposit Cash for Bid Security |
|---|---|---|---|
| For IFB No ARM/NCB/GOODS/ 02/2082-083<br>Date :18-01-2026 (2082-10-04)<br>Time: 12:00 | For IFB No ARM/NCB/GOODS/02/2082-083<br>Date :18-01-2026 (2082-10-04)<br>Time: 13:00<br>Venue: Ajirkot Rural Municipality, Office of Rural Municipal Executive, Bhachchek, Gorkha | Name of Bank: Rastriya Banijya Bank Ltd,<br>Office Name: Ajirkot Rural Municipality<br>Office Code No: 801043603<br>Revenue Account No:3240100301010002<br>Account Name: AJIRKOT GA. PA. (GA-1-1) AANTARIK RAJSAWA<br>Revenue Code No:14229<br>Revenue Head: Tender Form | Name of Bank: Rastriya Banijya Bank Ltd, Bhachchek-Gorkha<br>Account Name: AJIRKOT GA. PA. (GA-3-1) DHARAUTI ACCOUNT<br>Account No: 3240100303010002 |

3. Eligible Bidders are advised to visit PPMO's website www.bolpatra.gov.np/egp, for further details or contact Ajirkot Rural Municipality, Office of Rural Municipal executive, Bhachchek.
4. A Complete Set of Bidding Document can be downloaded from the PPMO's website www.bolpatra.gov.np/egp , and bidders shall submit their bid electronically only.
5. If the last date of bid opening falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
6. Matters not covered by this notice shall be in according with Public Procurement Act,2063 and Public Protection Regulation 2064 and other prevailing Rules and Regulations.

**Chief Administrative Officer**

**Sayal Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Dudeligada,Doti**

**Invitation for Bids**

**Date of Publication : 2082/09/04**

1. *Sayal Rural Municipality* invites electronic bids from Nepalese eligible bidders for the *Construction of Silampatal Watersupply Project Ward no 01* under National Competitive Bidding procedures.

| S.N | Contract Id No. | Description of work | Estimated Amount without VAT,PS & Contingency(NRs) | Bid Security (NRs.) | Bid Document Price(NRs.) | Bid Validity Period | Bid Submission Deadline | Bid Opening Date |
|---|---|---|---|---|---|---|---|---|
| 1 | SRM/NCB/ CW/2082-083/WS/01 | Construction of Silampatal Watersupply Project Ward no 01 | 1,12,93,028.26/ | 3,00,000/- | 3,000/- | 90 days | 2082/10/04 12:00 PM | 2082/10/04 2:00 PM |

2. Account no. for Bid Document Purchase and Bid Security Purpose

| Bank | Office Name | Revenue Account No. | Dharauti Account No. | Office Code |
|---|---|---|---|---|
| Nabil Bank Ltd | Sayal Rural Municipality | 07801017500216 | 7801017500037 | 80771507300 |

3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of *Sayal Rural Municipality,Office of Rural Municipal Executive, Dudeligada,Doti , Email: sayaldoti@gmail.com , Contact Number: 9868887669,9858444333* or may visit PPMO website www.bolpatra.gov.np/egp.
4. Electronic bids must be submitted to the office *Sayal Rural Municipality Office of Rural Municipal Executive ,Dudeligada,Doti* through PPMO website www.bolpatra.gov.np/egpon or before *12:00PM* on *2082/10/04* . Bids received after this deadline will be rejected.
5. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

## निर्वाचन आचारसंहितामा 'नयाँ प्रस्ताव' सकारात्मक

प्रमुख राजनीतिक दलहरू, विशेषगरी नेपाली कांग्रेस र नेकपा एमाले निर्वाचनमा जान तयार छैनन् । एमालेले खुलेरै निर्वाचन नहुने बताउँदै आए पनि कांग्रेसले दोहोरो भूमिका खेलिरहेको छ । कांग्रेस एकतर्फ निर्वाचनमा सहभागी हुने भन्ने अर्कोतिर प्रतिनिधिसभा पुनर्स्थापनाका लागि एमालेकै पछिपछि लागेर सर्वोच्चमा रिट दायर गर्ने कार्यमा अग्रसर छ । यस्तो परिस्थितिका कारण आगामी २१ फागुनका लागि तोकिएको प्रतिनिधिसभा निर्वाचनमाथि संशय उत्पन्न भएको छ । सरकार निर्वाचन गराइछाड्ने अडानका साथ तयारीमा लागेको भए पनि प्रमुख दलहरूको सहभागिताविना त्यो सम्भाव देखिँदैन ।

यद्यपि, निर्वाचन आयोगले चुनावी तयारीलाई तीव्रता दिएको छ । निर्वाचनको कार्यतालिकाअनुसार आयोगले काम गरिरहेको छ । यहीबीच आयोगले चुनावका लागि आचारसंहिताको तयारीसमेत गरिरहेको छ । आचारसंहितामा आयोगले केही नयाँ प्रस्तावसमेत समेटेको छ । चुनाव प्रचारप्रसारका क्रममा धेरै झण्डाको प्रयोग गर्न नदिनेगरी आयोगले नयाँ प्रस्ताव गरेको हो । प्रस्तावित आचारसंहितामा झण्डा प्रयोगका सम्बन्धमा नयाँ व्यवस्था गरिएको छ ।

आयोगका अनुसार कुनै पनि राजनीतिक दलले आयोजना गर्ने आमसभा, जुलुस कोणसभा वा घरदैलो जस्ता कार्यक्रममा १० वटा मात्रै झण्डाको प्रयोग गर्न सक्ने छन् । आयोगले उम्मेदवार वा दलको कार्यालयमा साइनबोर्ड तथा कपडामा बनाई तीन–चार फिटको दलको झण्डा र सोही नापको चुनाव चिह्न राख्नबाहेक दलको प्रचारप्रसार गर्ने उद्देश्यले कुनै पनि प्रकारको डिजिटल बोर्ड, फ्लेक्स वा ग्लुसाइन बोर्ड राख्न, श्रव्य सामग्री बजाउन र श्रव्यदृश्य सामग्री प्रदर्शन गर्न नहुने उल्लेख गरेको छ ।

प्रस्तावित आचारसंहितामा १० वटा झण्डा र चुनाव चिह्न प्रयोग गर्न तथा राजनीतिक दल तथा उम्मेदवारको नाम र चिह्न भएको एउटामात्रै तुल वा फ्लेक्स राख्न पाइने प्रस्ताव गरिएको छ । यसैगरी निर्वाचन प्रचारका लागि घरदैलोमा जाँदा उम्मेदवार, प्रस्तावक, समकर्थकसहित २५ जनाभन्दा बढीको जुलुस प्रदर्शन गर्न पाइने छैन । चुनाव प्रचारका क्रममा जाँदा बाजागाजा तथा झाँकीसहित जान नहुने व्यवस्था गर्न लागिएको छ । अनलाइन, वेबपेज, टिभी, स्क्रोलिङ, सपिङ मलमा डिस्प्ले, कल सेन्टर सञ्चालन, बैंकका एटिएम, काउन्टरमा सन्देश वा सडक नाटक आदि माध्यमबाट दलको वा उम्मेदवारबारेमा कुनै पनि प्रचारप्रसार गराउन पाइने छैन । तर, राजनीतिक दल वा उम्मेदवारले बढीमा एउटा निजी र आधिकारिक वेबपेजमा त्यस्तो प्रचार सामग्री राख्न भने पाउने प्रस्ताव गरिएको छ ।

निर्वाचनलाई स्वच्छ, शान्त र मर्यादित बनाउने उद्देश्यका साथ प्रस्ताव गरिएको आचारसंहिता स्वागतयोग्य देखिन्छ । निर्वाचन प्रचारको नाममा हुने भड्किलो र अमर्यादित गतिविधि रोक्न यसले प्रभावकारी भूमिका खेल्नसक्छ । त्यसैले यसलाई कार्यान्वयनमा ल्याउनेगरी आयोगले काम गर्नु आवश्यक छ ।

# स्वच्छ ऊर्जा क्षेत्रको उपलब्धि र अबको बाटो



नवराज ढकाल

> हाल ९९ प्रतिशत विद्युतीकरण भएको परिप्रेक्ष्यमा पनि पूर्णविद्युतीकरणका लागि लघु तथा साना जलविद्युत र सौर्य ऊर्जाको विस्तार गर्न, राष्ट्रिय प्रसारणलाइन पुगेका स्थानमा रहेका लघु तथा साना जलविद्युत्लाई राष्ट्रिय प्रसारणलाइनमा जोड्न, विपद्बाट क्षति भएका आयोजनाको पुनर्निर्माण र पुनर्स्थापना गर्न, ऊर्जा सम्मिश्रणका लागि सौर्य तथा वायु ऊर्जालगायतका नवीकरणीय ऊर्जाको विकास र विस्तार गर्न तथा घरायसी र औद्योगिक क्षेत्रमा ऊर्जा दक्षताका कार्यक्रम विस्तार गर्न अति आवश्यक देखिन्छ ।

नेपालमा वैकल्पिक तथा नवीकरणीय ऊर्जाका स्रोत र प्रविधिहरूलाई प्रवर्द्धन गरी ग्रामीण क्षेत्रमा बसोबास गर्ने घरपरिवारको जीवनस्तरमा सुधार ल्याउने र परम्परागत ऊर्जामाथिको निर्भरतालाई कम गर्ने उद्देश्यले विकास समिति ऐन, २०१३ अन्तर्गत २०५३ साल कात्तिक १८ गते वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको स्थापना भएको हो । वैकल्पिक ऊर्जा विकास समिति (गठन), आदेश २०५३ को सातौं संशोधनबाट केन्द्रको काम, कर्तव्य र अधिकारमा तीनवटा कार्य क्षेत्र थप भएका छन् ।

यसअन्तर्गत नेपाल सरकार, विदेशी सरकार वा राष्ट्रिय वा अन्तर्राष्ट्रिय संघसंस्थाबाट प्राप्त स्रोत साधनका आधारमा तयार गरिने वैकल्पिक ऊर्जा तथा ऊर्जा दक्षता विकास कार्यक्रमहरू प्रदेश र स्थानीय तहसम्म प्रभावकारीरूपमा कार्यान्वयन गर्ने, गराउने, नवीकरणीय ऊर्जासम्बन्धी जलवायु परिवर्तन तथा कार्बन उत्सर्जन न्यूनीकरणसम्बन्धी विभिन्न कार्यक्रम सञ्चालन गर्ने तथा ऊर्जा दक्षतासम्बन्धी कार्यहरू गर्ने रहेका छन् ।

हाल ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयअन्तर्गत रहेको यस केन्द्रले स्थापनाकालदेखि नै यस क्षेत्रमा सरकारको प्रमुख निकायका रूपमा नेपाल सरकार तथा विभिन्न विकास साझेदारहरूको सहयोग तथा प्रदेश सरकार, स्थानीय तह, निजी क्षेत्र र गैरसरकारी संस्थासँगको सहकार्यमा नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षतासम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्दै स्वच्छ ऊर्जामा सर्वसाधारण जनताको पहुँच बढाउन र ऊर्जा दक्षताको अवलम्बन गर्न आर्थिक तथा प्राविधिक सहयोग परिचालन गर्दै आइरहेको छ ।

केन्द्रको स्थापनाकालदेखि आव २०८१/८२ को अन्त्यसम्मको भौतिक प्रगति विवरणलाई हेर्दा केन्द्रको सहयोगमा ४० हजार ६५५ किलोवाट लघु तथा साना जलविद्युत् आयोजना, ११ हजार १०४ सुधारिएको पानीघट्ट जडान, १० लाख ७८९ घरेलु सौर्य विद्युत् प्रणाली, चार हजार ५४० संस्थागत सौर्य विद्युत् प्रणाली, तीन हजार ४७५ किलोवाट पिक सौर्य मिनिग्रिड, सौर्य वायु मिनिग्रिड जडान, ३० हजार ९३९ किलोवाट पिक सौर्य रूफटप, दुई हजार ४६४ सौर्य ड्रायर तथा कुकर जडान, चार हजार २८० सौर्य खानेपानी तथा सिँचाइ पम्प, एक लाख ५६ हजार ५३१ फलामे सुधारिएको चुलो, ३३ वटा संस्थागत ग्यासिफायर, ८२ हजार ४८५ विद्युतीय चुलो, चार लाख ५६ हजार ७६६ घरायसी बायोग्यास, १४ लाख २३ हजार २४२ सुधारिएको माटोको चुलो, ३७८ संस्थागत, सहरी तथा व्यावसायिक बायोग्यास, १७६६ ऊर्जाको उत्पादनमूलक परिप्रयोग, तीन हजार ३०९ सौर्य सडक बत्ती र चार हजार ८६५ मठमन्दिर तथा होमस्टेमा सौर्य ऊर्जा जडान सम्पन्न भएका छन् ।

आव २०८१/८२ मा मात्र केन्द्रको सहयोगमा ४०२ किलोवाट लघु तथा साना जलविद्युत् आयोजना, चार हजार १४२ घरेलु सौर्य प्रणाली, ३७८ किलोवाट पिक सौर्य मिनीगिड आयोजना, १२ हजार ६८६ सौर्य रूफटप प्रणाली, १०७ मठमन्दिर तथा होमस्टेमा सौर्य ऊर्जा जडान, ५८९ सौर्य खानेपानी तथा सिँचाइ परियोजना, २०८ संस्थागत सौर्य विद्युत् प्रणाली, २३ हजार १०० विद्युतीय चुलो, २४ हजार ३२० फलामे सुधारिएको चुलो, चार हजार ३८६ घराायसी बायोग्यास प्लाण्ट र नौ वटा ठूला क्षमताका बायोग्यास परियोजना सम्पन्न भएका छन् ।

यसैगरी नवीकरणीय ऊर्जा प्रविधिका प्रवर्द्धनमार्फत एक लाख २६ हजार ९१४ मेट्रिक टन कार्बन उत्सर्जन न्यूनीकरण गरी कार्बन व्यापारमार्फत छ लाख ६० हजार अमेरिकी डलर (करिब नौ करोड २४ लाख) आम्दानी भएको छ । स्वच्छ विकास संयन्त्रअन्तर्गत आठवटा आयोजनाबाट हालसम्म कूल ६६ लाख ८० हजार मेट्रिक टन कार्बन उत्सर्जन घटाइ कार्बन व्यापारमार्फत करिब ३६.०११ मिलियन अमेरिकी डलर (करिब पाँच अर्ब चार करोड) आम्दानी भइसकेको छ भने यी कार्बन परियोजनाको सञ्चालनबाट भविष्यमा थप आम्दानी हुने सुनिश्चित भएको छ । साथै, नवीकरणीय ऊर्जासम्बन्धी विभिन्न अध्ययन, अनुसन्धान तथा विकास, प्रदेश सरकार र स्थानीय तहको क्षमता अभिवृद्धिसम्बन्धी क्रियाकलापहरू लगायतका क्रियाकलापहरू समेत गत आर्थिक वर्षमा सम्पन्न भएका छन् ।

हरित जलवायु कोषको सहयोगमा तराईका २२ जिल्लाका १५० स्थानीय तहमा खाना पकाउने स्वच्छ ऊर्जासम्बन्धी कार्यक्रम कार्यान्वयन भइरहेको छ, यसअन्तर्गत पाँच वर्षभित्र पाँच लाख विद्युतीय चुलो, चार लाख ९० हजार सुधारिएको चुलो र १० हजार घरायसी बायोग्यास प्लाण्ट जडान गर्ने लक्ष्य रहेको छ जसबाट १० लाख घरधुरी लाभान्वित हुने छन् ।

त्यसैगरी हरित जलवायु कोषसम्बन्धी क्षमता विकास र तयारी (रेडिनेस) कार्यक्रम कार्यान्वयनअन्तर्गत सम्बन्धित सरोकारवालाहरूलाई लक्षित गरी तयार गरिएको क्षमता अभिवृद्धिका क्रियाकलापहरू सम्पन्न गरिएको छ । केन्द्रले हालसम्म देशको समग्रमा करिब ३७ लाख घरधुरीमा स्वच्छ नवीकरणीय ऊर्जा प्रविधिको सेवा पुऱ्याएको छ । कूल विद्युत् पहुँचमा नवीकरणीय ऊर्जा प्रविधिको हिस्सा करिब ८.५ प्रतिशत रहेको छ । विद्युत् पहुँच विस्तार र खाना पकाउने स्वच्छ ऊर्जा प्रविधिको क्षेत्रमा केन्द्रले विशेष जोड दिँदै आएको छ । नवीकरणीय ऊर्जाको क्षेत्रमा ५०० भन्दा बढी कम्पनीहरू क्रियाशील रहेका छन् जसबाट प्रत्यक्ष र अप्रत्यक्षरूपमा ४० हजारभन्दा बढी रोजगारी सिर्जना भएको छ ।

केन्द्रले नेपाल नवीकरणीय ऊर्जा कार्यक्रम, नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता कार्यक्रम, दक्षिण एसियाली उपक्षेत्रीय आर्थिक सहयोग (अफग्रिड कम्पोनेन्ट) कार्यक्रम, ग्रामीण जीविकोपार्जनका लागि नवीकरणीय ऊर्जा कार्यक्रम, मिनिग्रिड ऊर्जा पहुँच कार्यक्रम, ग्रामीण तथा अर्धसहरी क्षेत्रका लागि सौर्य ऊर्जा प्रवर्द्धन कार्यक्रम, आर्थिक विकासका लागि सौर्य ऊर्जा प्रवर्द्धन कार्यक्रम, लघु जलविद्युत् कर्जा कोष, बायोग्यास कर्जा कोषजस्ता कार्यक्रमहरूमा विकास साझेदारहरूसँग सहकार्य गरी सबैलाई आधुनिक ऊर्जाको पहुँच, विकेन्द्रीकृत नवीकरणीय ऊर्जा प्रणाली तथा ऊर्जा दक्षता अवलम्बनमार्फत ऊर्जा प्रणालीलाई दिगो, भरपर्दो र उत्थानशील बनाउनाका साथै नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षताको विकास र विस्तारका लागि प्रदेश सरकार र स्थानीय सरकारसँग समन्वय तथा सहकार्य गरी देशको समग्र ऊर्जा रूपान्तरणमा महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेको छ ।

केन्द्रअन्तर्गत रहेको केन्द्रीय नवीकरणीय ऊर्जा कोषले केन्द्रको वित्तीय संयन्त्रका रूपमा मिश्रित वित्तको सिद्धान्तमा आधारित रही अनुदान, भायबिलिटी ग्याप फण्डिङ र कर्जा प्रवाह गर्दै आइरहेको छ । कोषअन्तर्गत रहेको दिगो ऊर्जा च्यालेन्ज फण्डले नवीनतम् वित्तीय संयन्त्रका रूपमा निजी क्षेत्रद्वारा विकास गरिने दिगो ऊर्जा परियोजनाहरूमा भायबिलिटी ग्याप फण्डिङ र प्राविधिक सहायता प्रदान गर्दै आएको छ ।

दिगो ऊर्जा च्यालेन्ज फण्डअन्तर्गतका परियोजनाहरूमा बेलायत सरकारले नेपाल नवीकरणीय ऊर्जा कार्यक्रममार्फत सहयोग पुऱ्याउँदै आइरहेकामा पछिल्लो समयमा जर्मन विकास सहयोग र युरोपियन युनियनको सहयोगमा जिआइजेडद्वारा सञ्चालित नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता कार्यक्रम र केएफडब्ल्यूको सहयोगमा सञ्चालित ग्रामीण तथा अर्धसहरी क्षेत्रका लागि सौर्य ऊर्जा प्रवर्द्धन कार्यक्रमले समेत सहयोग प्रदान गर्दै आएकाले यस क्षेत्रलाई थप विस्तार गर्न सघाउ पुगेको छ ।

नेपालमा वार्षिक सोलार रेडिएसन प्रतिवर्गमिटर एक हजार ६०० देखि दुई हजार किलोवाट घण्टा रहेको छ । देशको अधिकांश ऊर्जा खपत तापीय ऊर्जा (काठ दाउरा, कोइला, एलपिजी, आयातीत इन्धन) मा आधारित छ, जसको प्रयोगले कार्बन उत्सर्जन वृद्धि भई वातावरणीय प्रदूषण निम्त्याइरहेको छ । नेपालको कूल ऊर्जा उपभोगमा ५० प्रतिशत हिस्सा तापीय ऊर्जा रहेको पाइन्छ । सौर्य तापीय ऊर्जा प्रणाली सूर्यबाट प्राप्त तापमा आधारित छ, जसको प्रयोग घराायसी, व्यावसायिक र औद्योगिकस्तरमा गर्न सकिन्छ र यसबाट विद्युत् एवं खनिज इन्धनमाथिको निर्भरतालाई कम गर्न सकिन्छ ।

सन् २०४५ सम्म खुद शून्य उत्सर्जनको लक्ष्य हासिल गर्न परम्परागत तथा खनिज इन्धनमा आधारित तापीय ऊर्जालाई नवीकरणीय ऊर्जाले प्रतिस्थापन गर्नुपर्ने आवश्यकता रहेको छ । यसै तथ्यलाई मनन गर्दै यस केन्द्र र इसिमोडको संयुक्त पहलमा 'सौर्य तापीय मार्गचित्र तथा कार्यान्वयन योजना, २०८२' तयार गरिएको छ । यस मार्गचित्रको मुख्य उद्देश्य घराायसी, व्यावसायिक तथा औद्योगिक प्रयोगजनका लागि सौर्य तापीय ऊर्जाको प्रयोगमा वृद्धि गर्नु रहेको छ । मार्गचित्रले सन् २०४५ सम्ममा घरायसी प्रयोगका लागि एक हजार ३५४ मेगावाट र औद्योगिक उपयोगका लागि २९ मेगावाट बराबरको थर्मल प्लाण्ट स्थापना गर्ने लक्ष्य लिएको छ ।

हाल ९९ प्रतिशत विद्युतीकरण भएको परिप्रेक्ष्यमा पनि पूर्णविद्युतीकरणका लागि लघु तथा साना जलविद्युत र सौर्य ऊर्जाको विस्तार गर्न, राष्ट्रिय प्रसारणलाइन पुगेका स्थानमा रहेका लघु तथा साना जलविद्युत्लाई राष्ट्रिय प्रसारणलाइनमा जोड्न, विपद्बाट क्षति भएका आयोजनाको पुनर्निर्माण र पुनर्स्थापना गर्न, ऊर्जा सम्मिश्रणका लागि सौर्य तथा वायु ऊर्जालगायतका नवीकरणीय ऊर्जाको विकास र विस्तार गर्न तथा घरायसी र औद्योगिक क्षेत्रमा ऊर्जा दक्षताका कार्यक्रम विस्तार गर्न अति आवश्यक देखिन्छ ।

विद्युत् पहुँच पुग्न बाँकी भौगोलिक क्षेत्र तथा घरधुरीहरूमा विद्युत् पहुँच पुऱ्याउन मन्त्रालय, नेपाल विद्युत् प्राधिकरण र केन्द्रले पूर्णविद्युतीकरणका लागि एकीकृत कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याइएको छ । यसअन्तर्गत विद्युत् पहुँच पुग्न बाँकी धरधुरीमा विद्युत् पहुँच पुऱ्याउन प्राधिकरण र केन्द्रले क्षेत्रगत जिम्मेवारीसहित तयार गरिएको संयुक्त कार्ययोजनाबमोजिम कार्य अघि बढिरहेको छ । सम्बन्धित पालिका र नेपाल विद्युत् प्राधिकरणको विद्युत् पहुँच तथ्यांकबीच सामाञ्जस्यता बनाउन विद्युत् पहुँच पुग्न बाँकी घरधुरीहरूको विवरण अद्यावधिक गर्ने कार्य सम्पन्न भएको छ । केन्द्रले ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको एउटा विशिष्ट अंगका रूपमा सेवा पुऱ्याउने र विद्युतीय ऊर्जाको खपत वृद्धि गरी स्वच्छ ऊर्जा रूपान्तरणको क्षेत्रमा विशेष ध्यान पुऱ्याई आयातीत खनिज ऊर्जाको विस्थापन गर्ने, वैदेशिक मुद्रा सञ्चित गर्ने कार्यमा सहयोगी भूमिका निर्वाह गरिरहेको छ ।

नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षतासम्बन्धी क्रियाकलापहरू सरकारको प्राथमिकतामा पर्नु, आवधिक योजनाहरूमा कूल ऊर्जा सम्मिश्रणमा नवीकरणीय ऊर्जाको हिस्सा वृद्धि गर्ने लक्ष्य लिइनु, विश्वव्यापी जलवायु संकट न्यूनीकरणका लागि विकास साझेदारहरूले नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षताको क्षेत्रमा गरिने सहयोगलाई निरन्तरता दिनु यस क्षेत्रका अवसरका रूपमा रहेका छन् । स्वदेशमा नै रोजगारी सिर्जना गर्ने, युवाहरूलाई विदेसिनबाट रोक्ने कार्यमा स्थानीय प्रविधि बायोग्यास, लघु तथा साना जलविद्युत् उद्यमी, सुधारिएको चुलो निर्माण गर्ने, सौर्य ऊर्जाका काम गर्ने विभिन्न तहका प्राविधिक, साना लगानीकर्ता संरक्षण र प्रवर्द्धनका लागि यस क्षेत्रमा नयाँ कार्यक्रमहरू तथा थप बजेटको व्यवस्था गर्नु आवश्यक देखिन्छ । *रासस*

*(लेखक वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रका कार्यकारी निर्देशक हुन्)*

## श्रम सरोकार

### वैदेशिक रोजगारी जाने वैधानिक प्रक्रिया

विद्यमान वैदेशिक रोजगार ऐनबमोजिम संस्थागत र व्यक्तिगत गरी जम्मा दुई प्रक्रियाबाट वैदेशिक रोजगारीमा जान सकिन्छ । संस्थागत प्रक्रिया भन्नाले विद्यमान वैदेशिक रोजगार ऐन तथा नियमावलीबमोजिम वैदेशिक रोजगार विभागबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालनको अनुमति लिएका म्यानपावर संस्थामार्फत कानुनबमोजिम वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई बुझिन्छ ।

**यस प्रक्रियाको अवलम्बन गरी वैदेशिक रोजगारमा जाँदा हुने फाइदाहरू:**

- कुन देश जाने हो ? कुन कम्पनीमा जाने हो ? आफूले गर्ने काम के हो ? तलब सुविधा के हुने हो ? सबै कुराको स्पष्ट जानकारी पाइन्छ ।
- विदेशमा रहँदा कुनै समस्या परे सम्बन्धित म्यानपावरलाई सम्पर्क गरी समस्याको समाधान गर्न र उद्धारमा सहयोग पाउन सकिन्छ ।
- म्यानपावरबाट विदेश जाँदा ठगिएमा म्यानपावरले राखेको धरौटीबाट वैदेशिक रोजगार विभागमार्फत रकम असुलउपर गर्न सकिन्छ ।
- विदेशमा भनेअनुसारको काम र तलब नदिएमा पठाउने म्यानपावरबाट असुलउपर गर्ने कानुनी प्रावधान रहेको छ ।
- विदेशमा जाँदा बुझाउनुपर्ने वास्तविक लागत रकम कति हो भन्ने विषयमा बुझ्न सकिन्छ ।
- व्यक्तिगत प्रक्रिया भन्नाले कामदार आफ्नै पहलमा विद्यमान वैदेशिक रोजगार ऐन तथा नियमावलीमा उल्लिखित प्रक्रिया पूरा गरी वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई बुझिन्छ । यस प्रक्रियाको अवलम्बन गरी वैदेशिक रोजगारमा जाँदा कामदार आफ्नो कामका लागि स्वयं जिम्मेवार हुनुपर्दछ । तसर्थ, श्रम स्वीकृति लिएर संस्थागत (म्यानपावर कम्पनी)मार्फत वैदेशिक रोजगारमा जानु तुलनात्मकरूपमा सुरक्षित मानिन्छ ।

## पाठक मञ्च

### विकास र परिवर्तनका लागि युवा सहभागिता

युवा देशका संरचनात्मक र कार्यात्मक ढाँचा हुन् । हरेक देशको सफलताको आधार युवा पुस्ता र उनीहरूका उपलब्धिहरू हुन् । देशको भविष्य युवाहरूको सर्वांगीण विकासमा निहीत हुन्छ । त्यसैले युवाले देश निर्माणमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछन् । युवा शक्ति देश र समाजका आधार हुन् । समाजलाई सबभन्दा राम्रो बनाउन र राष्ट्र निर्माणमा युवाहरूको नै सर्वाधिक योगदान रहने गर्दछ । युवाले देश र समाजलाई नयाँ उचाइमा पुऱ्याउँछन् । युवाहरूले राम्रो भविष्यका इमान्दार र विकासवादी सोचका प्रतिनिधि छनोटमा पनि महत्त्वपूर्ण भूमिका खेलिरहेका हुन्छन् ।

युवाशक्तिमा विगतका उपलब्धि, मान्यता तथा आस्था र विश्वास, वर्तमानका समस्याहरूलाई सुल्झाउन तिनलाई हेर्ने दृष्टिकोण र समाजका भावना, आकांक्षाहरूलाई सपना बुन्ने क्षमता हुन्छ । जुनसुकै देशमा युवाशक्तिले समाजको जीवनमूल्य, सभ्यता र सांस्कृतिक सम्पदाको प्रचारप्रसार र सम्वर्द्धन गर्छ भने युवा शक्तिले नै सुसंस्कृत समाजको निर्माण गर्छ । त्यसकारण हरेक युवामा आदर्श व्यक्तित्व, नेतृत्वको गुण, जिम्मेवार नागरिकको कर्तव्य र स्वयंसेवी भावना, राष्ट्रप्रतिको माया, प्रेरणादायी विचारसहितको उच्च भावना, सांस्कृतिक आधार, स्वाभिमान, त्याग तथा आत्मगौरवको भावना हुनुपर्दछ । किनभने, प्रगतिशील समाज निर्माणमा सबैभन्दा बढी योगदान युवाहरूको हुन्छ । युवा वर्ग समाजको भविष्य हुनुका साथै समाजको विकासका महत्त्वपूर्ण अंग पनि हुन्, उनीहरू प्रगतिशील समाज र उन्नत समाजका अनिवार्य अक्ष हुन् । कठिन परिस्थितिसँग जुध्ने क्षमता युवामामात्रै हुन्छ, उल्टो प्रवाह र प्रतिगमनलाई उल्टाउन सक्ने साहस युवामामात्रै हुनसक्छ, त्यसैले युवा शक्तिलाई सधैं सही दिशातर्फ उत्प्रेरित गर्नुपर्छ ।

युवाशक्तिको सक्रियतालाई समाजको विकासमा प्रयोग गर्ने हो भने यो शक्तिले अद्भूत काम गर्न सक्छ । आजसम्म युवाहरू चुनौतीको सामना गर्नबाट कहिल्यै पछि हटेका छैनन् । तर समाज परिवर्तनका लागि युवाहरूको उचित मार्गदर्शन हुनु जरुरी छ । समाजसेवाको काम सजिलो छैन । यो आफैंमा ठूलो काम हो । यसलाई एकैसाथ पूरा गर्न सकिँदैन । यो महान् कार्यमा युवाले आफ्नो योग्यता र क्षमताअनुसार सहभागी हुन सक्छन् । समाजमा सामाजिक, आर्थिक र नवप्रवर्तनमा युवाहरूले महत्त्वपूर्ण भूमिका खेल्न सक्छन् । समाजमा व्याप्त कुप्रथा र अन्धविश्वासको अन्त्यका लागि उनीहरू सहयोगी साबित हुन सक्छन् ।

युवालाई सही दिशामा प्रयोग गर्ने देशहरू बढी विकसित हुन्छन् । युवाको मनको ऊर्जा र चमकले राष्ट्रका लागि मशालको काम गर्छ । तर कुनै पनि देशमा युवाहरूलाई पछाडि पारियो भने ती देश असफल हुन्छन् । विकसित देशहरूको पछाडि युवाहरूको तागत र लागतको महत्त्वपूर्ण भूमिका हुन्छ । त्यसकारण युवाहरूलाई देशको सम्पति ठानेर उनीहरूका आवश्यकताहरू पूरा गर्नु, शिक्षा, रोजगारी, मनोरञ्जन जस्ता गतिविधिहरू, आदि प्रदान गर्नुपर्दछ । यस्तो स्वस्थ र प्रतिस्पर्धात्मक वातावरणबाट मात्रै युवाले देशको समग्र विकासमा आफ्नो क्षमता लगाउन सक्छ ।

समाज विकास भनेको सामाजिक, आर्थिक, राजनीतिक, भौतिक, सांस्कृतिक र वातावरणीय अवस्थामा सकारात्मक रूपमा परिवर्तन हुनु हो । यो निरन्तरण चलिरहने प्रक्रिया पनि हो । परिवर्तनका लागि समाजका सबै समुदायको सहभागिता हुन्छ तर परिवर्तनको इच्छा राख्ने र ऊर्जाशील युवावर्गको भने यसमा महत्त्वपूर्ण सहभागिता रहेको पाइन्छ । विकास प्रक्रियामा युवाहरूको सहभागिता अनिवार्य हुन्छ । युवाहरू शारीरिक हिसाबले मात्र सबल नभएर उनीहरूमा सकारात्मक सोच, सिर्जनात्मक कार्यमा लाग्ने क्षमता र समाज बदल्ने आँट हुने भएकोले उनीहरूको सहभागिता अपरिहार्य हुन्छ । युवाको प्रत्यक्ष सहभागिता र नेतृत्वमा सामाजिक, राजनीतिक, आर्थिक र प्राविधिक विकास सम्भव हुन्छ । युवाहरू सामुदायिक अभियानमा संलग्न भएर समाजको विकासमा योगदान दिन सक्छन् । युवाले अनेकौं ऐतिहासिक परिवर्तन गरेका छन् । युवाहरू आफ्नो तन, मन र समर्पणको भावले हरेक कार्य गर्दछन् ।

**- मिलन आफन्त**, काठमाडौं

# मुख्यमन्त्री यादवले आज विश्वासको मत लिँदै



■ प्रभाव संवाददाता

**धनुषा–** मधेस प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले आज प्रदेशसभाबाट विश्वासको मत लिँदै छन् । मुख्यमन्त्रीको सचिवालयका अनुसार संविधानको धारा १६८ अनुसार विश्वासको मत लिन लागेका हुन् ।

संविधानमा मुख्यमन्त्री नियुक्त भएको मितिले ३० दिनभित्र अनिवार्य रूपमा विश्वासको मत लिनुपर्ने व्यवस्था छ । मुख्यमन्त्री यादव मंसिर १९ गते नेपाली कांग्रेसका संसदीय दलका नेताका हैसियतमा सात दलका ७७ जना प्रदेशसभा सदस्यको समर्थनमा मुख्यमन्त्रीमा नियुक्त भएका थिए ।

प्रदेशसभामा विद्यमान अवस्थाअनुसार मुख्यमन्त्री यादवले सहजै विश्वासको मत प्राप्त गर्ने अनुमान गरिएको छ । विश्वासको मत प्राप्त गरेपछि मधेस प्रदेश सरकारको कार्यकाल थप स्थिर हुने र बजेट कार्यान्वयन, विकास निर्माण तथा सुशासनका कार्यमा सरकार अझ सक्रिय हुने अपेक्षा गरिएको छ ।

यसैबीच मधेस प्रदेशसभाको सभामुखका लागि यही पुस ६ गते निर्वाचन हुने भएको छ । प्रदेशसभा बैठकमा उपसभामुख बबिता राउत ईशरले सभामुख निर्वाचनको मिति तय भएको बताइन् । प्रदेशसभाको सभामुख पद रिक्त रहेकाले प्रदेशसभा कार्य सञ्चालन नियमावली, २०७५ को नियम ७ बमोजिम निर्वाचन प्रक्रिया अगाडि बढाइएको उनले जानकारी दिइन् ।

निर्वाचनका लागि पुस ५ गते सभामुख निर्वाचनसम्बन्धी सूचना प्रकाशन गर्न प्रदेशसभाका सचिव वासुप्रसाद कोइरालालाई निर्देशन दिइएको छ । बुधबार बसेको प्रदेशसभा बैठकमा उपसभामुख ईशरले राष्ट्रपति कार्यालय, प्रदेश प्रमुखको कार्यालय तथा सर्वोच्च अदालतबाट प्राप्त विभिन्न विषयका पत्रहरू बैठकमा पढेर सुनाएका थिए ।

# तनहुँको थर्पु अस्पतालमा आँखा उपचार सेवा सुरू




**दमौली (तनहुँ)–** जिल्लाको म्याग्दे गाउँपालिका-४ स्थित थर्पु अस्पतालमा नियमित आँखा उपचार सेवा केन्द्र स्थापना भई सञ्चालनमा आएको छ । गाउँपालिकाका अध्यक्ष श्रीप्रसाद श्रेष्ठले बिहीबार आँखा उपचार केन्द्रको उद्‌घाटन गर्दै यहाँका नागरिकले स्थानीयस्तरमा प्रभावकारी सेवा लिन सक्ने बताए ।

यस क्षेत्रका सर्वसाधारणलाई आँखा उपचारका लागि दमौली वा पोखरा जानुपर्ने बाध्यता अन्त्यका लागि हिमालय आँखा अस्पताल घारीपाटनसँग सम्झौता गरी केन्द्र सञ्चालनमा ल्याइएको अध्यक्ष श्रेष्ठले जानकारी दिए । उनले भने, ‘अब यहाँका स्थानीयवासीले आँखा उपचारका लागि अन्यत्र जानु पर्दैन । यहाँबाटै नियमितरूपमा उपचारको व्यवस्थाले सर्वसाधारणलाई सहज हुनुका साथै समय र खर्च बचत हुने छ ।’

उपचार केन्द्र शुभारम्भको अवसरमा निःशुल्क आँखा परीक्षण शिविर सञ्चालन गरिएको छ । शिविरमा विभिन्न वडाका सर्वसाधारण उपचारका लागि आएका अस्पतालले जनाएको छ । केन्द्र सञ्चालनका लागि प्राविधिकसहित उपकरण हिमालय आँखा अस्पतालले उपलब्ध गराएको छ भने उपचारका लागि अन्य सहयोग म्याग्दे गाउँपालिकाले उपलब्ध गराउने सम्झौता भएको छ ।

सम्झौता अनुसार आँखा परीक्षण सेवाका लागि म्याग्दे गाउँपालिकाले हिमालय आँखा अस्पताललाई वार्षिक छ लाख रूपैयाँ उपलब्ध गराउने छ भने बिरामीबाट संकलित रकम गाउँपालिकाको आम्दानीको रूपमा रहने प्रमुख प्रशासकीय अधिकृत नारायणप्रसाद अधिकारीले जानकारी दिए ।

उनका अनुसार केन्द्रलाई प्रभावकारी एवं गुणस्तरीय रूपमा सञ्चालन गर्न आँखा उपचार केन्द्र सहयोग समिति गठन गरिने छ । उक्त समितिको संयोजकमा थर्पु आधारभूत अस्पताल व्यवस्थापन समितिको अध्यक्ष हुने छन् भने सहसंयोजकमा अध्यक्षले तोकेको एक जना समाजसेवी हुने छन् ।

त्यस्तै सदस्यहरूमा म्याग्दे-४ का वडाध्यक्ष, वडा नं ७ का वडाध्यक्ष, हिमालय आँखा अस्पतालका व्यवस्थापक तथा व्यवस्थापकले तोकेको एक जना व्यक्ति, म्याग्दे गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख र सदस्यसचिवमा थर्पु अस्पतालका प्रमुख रहने छन् । *रासस*

**गणेशबाबा एग्रो सिड कम्पनी**
**राजापुर न.पा.-८, धोबिनपुर, बर्दिया**

**वार्षिक साधारण सभाको मिति सरेको सूचना**

**दोस्रो पटक प्रकाशित मिति : २०८२/०९/०४**

यहि मिति २०८२ कार्तिक २४ गते बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार तपसिलको मिति २०८२/०९/०५ गतेका दिनमा यस कम्पनीको वार्षिक साधारण सभा हुने भनिएकोमा कारणवश मिति सरेको जानकारी गराउदै, तपसिलमा तलको नयाँ तालिका अनुसारको मिति तय भएकोले सम्पुर्ण शेयर धनी सदस्यहरूलाई उपस्थितको लागि हार्दिक अनुरोध गरिन्छ । साथै कम्पनी ऐन २०६३ को दफा ६७ (२) तथा ७७ (३) बमोजिमको प्रतिवेदन निरिक्षणको व्यवस्था मिलाइएको छ ।

**तपसिल :– (नयाँ तालिका)**
मिति :- २०८२/०९/२४ गते
समय :- बिहान ११:०० बजे
स्थान :- कम्पनी कार्यालय प्राङ्गणमा

**छलफलका विषयहरू:–**
- सञ्चालक समितिको वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।
- लेखापरिक्षण प्रतिवेदनमा छलफल गरी पारित गर्ने ।
- अगामी वार्षिक योजनामा छलफल गरी पारित गर्ने ।
- **विविध ।**

**नोटः यसबाट पर्न गएको असुविधाप्रति क्षमाप्रार्थी छौं ।**

**शर्मा चौधरी**
**अध्यक्ष**

**Gandaki Province Government**
**Ministry of Physical Infrastructure Development and Transport Management**
**Infrastructure Development Office**
**Kushma, Parbat**

**Notice of Intent to Award The Bid**

**Date of publication: 2082/09/04 BS**

Pursuant to Sub Clauses 27.2 and 47 of the Public Procurement Act, 2063, this is to notify all the bidders who submitted their bids as per the notice published in the e-GP portal www.bolpatra.gov.np/egp on 2082/07/28 BS that we intend to award the contract to the respective Lowest Evaluated Substantially Responsive Bidders as presented in the following table.

| S. N. | Name of the Project | Contract ID | Lowest Evaluated Substantially Responsive Bidder | Bid Price NRs. (Including PS &VAT) |
|---|---|---|---|---|
| 1 | Upgrading of Jamaldhari - Aahaldanda - Marangsing - Durlung Road, Kushma-8, Chuwa, Parbat | IDO/PAR/NCB/ W/01/082-83 | Panchase Siddha Baraaha Nirman Sewa, Aarthar Dandakharka, Kushma-14 | 66,98,779.55 |
| 2 | Upgrading of Naachne-Gaune Dil to Saalghari - Sima - Marangsing Road, Kushma -8, Parbat | IDO/PAR/NCB/ W/02/082-83 | Kasvi Inc. Pvt. Ltd., Suryabinayak -5, Bhaktapur | 68,81,162.64 |
| 3 | Construction of Kaajikhor - Gumba - Dhurvala to Neta Road, Kushma -14, Parbat | IDO/PAR/NCB/ W/03/082-83 | Panchase Siddha Baraha Pvt. Ltd., Kuleshwar, Kathmandu-14 | 35,59,423.54 |
| 4 | Upgrading of Maaitekhoriya - Charipaani - Sima - Dilaghar - Kaaunle Road, Kushma -11, Parbat | IDO/PAR/NCB/ W/04/082-83 | New Panchase Nirman Sewa, Modi -5, Parbat | 34,40,373.41 |
| 5 | Bhagawati Mandir - Paalepakha Road, Kushma -7 | IDO/PAR/NCB/ W/05/082-83 | Saurya Kiran Construction, Kushma, Parbat | 32,60,370.49 |
| 6 | Upgrading of Gangate - Kaarbaare - Dandakharka - Aarthar Road and Ambot Chowk to Gangate Chowk Road, Kushma -14 and Kushma -11, Parbat | IDO/PAR/NCB/ W/06/082-83 | Kasvi Inc. Pvt. Ltd., Suryabinayak -5, Bhaktapur | 32,47,076.74 |
| 7 | Combined Package for the Construction of Durlung - Phapre - Patale Road, Kushma-3 / Samikot - Baajhkhet - Deuralikharka Road, Kushma -2 and Swamikot - Baajhakhet - Bodswara Road, Kushma -2 / Paudel - Shera Chowk - Pulami Chautara - Rohote Road, Kushma -2 | IDO/PAR/NCB/ W/07/082-83 | Mission Construction, Durlung, Kushma -3, Parbat | 88,67,241.42 |
| 8 | Combined Package for the construction of Jhapripokhari - Saanopakha to Ward Office Road, Modi -5, Bajhung / Kharibot - Darimbot - Bhattebaari Road, Kushma -1 and Kharibot - Darimbot - Bhatebari Road / Limithana - Manika - Nayabasti Road, Phalewas -7 | IDO/PAR/NCB/ W/08/082-83 | Miracle Nirman Sewa, Modi -5, Parbat | 74,61,670.90 |
| 9 | Upgrading of Lamakhet -Armana Sadak, Phalewas-4 / Khopiko Thulodhunga dekhi Swasthe Chauki Hudai Sirubari Lamaya Khola Pakki Pool samma Sadak, Phalewas-9 | IDO/PAR/NCB/ W/09/082-83 | L.C Nirman Sewa, Modi -6, Parbat | 34,38,084.66 |
| 10 | Maintenance of Dobilla Phalewas Sadak, Ku.Na.Pa. & Pha.Na.Pa. | IDO/PAR/NCB/ W/10/082-83 | Modi Kali Construction, Modi -6, Parbat | 29,64,891.74 |
| 11 | Upgrading of Tallo Khuma Machkatera Bagale Arjunchaupari Sadak, Phalewas-2/9 | IDO/PAR/NCB/ W/11/082-83 | N.S. Varenya Builders Pvt. Ltd., Phalewas -5, Parbat | 44,76,999.28 |
| 12 | Upgrading of Archale Khalte Pokharadhara Chandandada Salyandhara Gantari lunkhu Sadak, Phalewas-8 | IDO/PAR/NCB/ W/12/082-83 | Aabiskar P.S. Construction Company, Devisthan, Phalewas -6, Parbat | 34,54,867.67 |
| 13 | Upgrading of Shaidchowk Ramche Swara Bhalpokhara Chuchun Deurali Sadak, Phalewas-3 / Kalakhola Kaule Ward Karlaya Bangara Sadak, Phalewas-9 | IDO/PAR/NCB/ W/13/082-83 | Modi Kali Construction, Modi -6, Parbat | 31,50,875.64 |
| 14 | Upgrading of Phedi Chauke Melpokhari Sadak, Phalewas-2 /Bhaluakhola Katuwa Bagar Sadak, Phalewas-4/5 | IDO/PAR/NCB/ W/14/082-83 | New Panchase Nirman Sewa, Modi -5, Parbat | 33,44,781.94 |
| 15 | Upgrading of Phapre Khanara Dhaiyara Sadak, Phalewas-2 / Pokharachaur Healthpost Hudai Chuchun Deurali Rugdi Tatopani Sadak, Phalewas-3/4 | IDO/PAR/NCB/ W/15/082-83 | Paudel-Nirman-Sewa, Modi -6, Parbat | 33,29,408.97 |
| 16 | Construction/Upgrading of Bajramara Devi Mandir Bayale Bazzar, Phalewas-9/Lamachilaune Pahire Sadak, Phalewas-2/Bajramara Mandirdekhi Jasukharka Batyani Sadak, Phalewas-9 | IDO/PAR/NCB/ W/16/082-83 | L.C Nirman Sewa, Modi -6, Parbat | 32,83,698.99 |
| 17 | Upgrading of Pithedada Lamshalthar Saradikhola Chitre Sadak, Modi-8/Darak Regmithowk Lamshalthar Chitre Sadak, Modi-8 | IDO/PAR/NCB/ W/17/082-83 | Kusunde Construction, Balaju, Kathmandu -16 | 31,40,058.77 |
| 18 | Combined Package for Upgrading of Dadar Zero dekhi Adherikhola Ward Office, Bihadi-5/Wahaki Bhanjyang Khalta Rammandir Choniyadada, Bihadi-4/Dadar Khorpokhara Hudai Ward Karyalaya Samma Sadak, Bihadi-5 | IDO/PAR/NCB/ W/18/082-83 | Simrik Nirman Sewa, Khaharekhola, Bihadi -2, Parbat | 69,53,355.19 |
| 19 | Upgrading of Bhorle Gyami Kapre Dansing Sadak, Payaun-7/Galchina Dharampani Payaunkot Sadak, Payaun/Saraukhola Sadane Sitle Balakot Sadak Payaun-6 | IDO/PAR/NCB/ W/19/082-83 | Lulu Construction, Jaljala -8, Parbat | 47,13,173.25 |
| 20 | Upgrading of Pakhapani Wardkaryalaya Bhandarithar Purnagaun Timure Lamtung, Mahashila-4/Bhoksing Sarbudanda Kolakhark Sadak, Mahashila-2 | IDO/PAR/NCB/ W/20/082-83 | Yojak Nirman Sewa, Thapagaun, Kathmandu -10 | 41,36,612.65 |
| 21 | Upgrading of Sarthan Bhujunge Lamtung Sadak, Mahashila-4 | IDO/PAR/NCB/ W/21/082-83 | N.S. Varenya Builders Pvt. Ltd., Phalewas -5, Parbat | 38,33,675.03 |
| 22 | Upgrading Kuwartole Kharibot Thana Sadak, Modi-6 | IDO/PAR/NCB/ W/22/082-83 | Pra.a Construction Sewa Udhyog, Dimuwa, Modi -6, Parbat | 32,45,456.02 |
| 23 | Upgrading of Hatiya Melpokhari Maidan Sadak, Phalewas-2/Shankarpokari Maidan Melpokhari Hatiya Sadak, Phalewas -3/2/Lunkhu Bandre Shera Sadak, mahashila-5/Lunkhu Deurali Bazzar Sadak, Mahashila-5 | IDO/PAR/NCB/ W/23/082-83 | L.C Nirman Sewa, Modi -6, Parbat | 39,62,263.36 |

# प्रभाव दैनिक


शुक्रबार, ०४ पुस २०८२ (Friday, 19 December 2025)





## 'बाबा निराला' को रूपमा फर्कदै बबी देओल

बलिउड अभिनेता बबी देओलको चर्चित वेब सिरिज 'आश्रम' को चौथो सिजनको प्रतीक्षा गरिरहेका फ्यानहरूका लागि ठूलो अपडेट बाहिर आएको छ । सिरिजमा 'बबिता भाभी' को भूमिका निभाएर चर्चामा रहेकी अभिनेत्री त्रिधा चौधरीले आगामी सिजनको बारेमा महत्वपूर्ण जानकारी दिएकी हुन् । 'आश्रम' का तीनवटै सिजन सफल भएपछि दर्शकहरू बाबा निरालाको आगामी कथा हेर्न आतुर छन् । बलिउड हङ्गामालाई दिएको एक अन्तर्वार्तामा त्रिधाले 'आश्रम ४' को काम चाँडै सुरु हुन लागेको बताएकी छन् । उनले भनिन्, 'हामी चाँडै यसमा काम सुरू गर्दैछौं। सन् २०२६ मा 'आश्रम ४' को सुटिङ सुरू हुनेछ ।



# 'झरीपछिको इन्द्रेणी'को खुल्यो टिकट बुकिङ

**काठमाडौं (प्रस)**– हलहरूले फिल्म 'झरीपछिको इन्द्रेणी' को अग्रिम टिकट बिक्री खुलाएका छन् । प्रारम्भिक शोज प्रकाशित भएपनि यसको पूर्ण आकार विहिबार बेलुकासम्म देखिनेछ । काठमाडौं उपत्यका र मोफसलका हलले शोज प्रकाशित गर्दै टिकट विक्री थालेका छन् । कतिपय हलले अझै खुलाउने तयारी गरिरहेका छन् ।

शुक्रबार हलिउडको बहुप्रतीक्षित 'अवतार ३' पनि आउने भएपछि हलले सोहीअनुसार शोज विभाजन गर्नेछन् । 'अवतार २' ले झन्डै २०० शोज पाएको देखिन्छ । 'अवतार ३' को विश्वबजारबाट प्रारम्भिक प्रतिक्रिया आउन थालेकाले यो फिल्मको बक्सअफिस ओपनिङ कस्तो हुनेछ, यो अहिल्यै भन्न सकिँदैन । अहिलेसम्म समग्रमा मिश्रित प्रतिक्रिया देखिन्छ ।

अब 'झरीपछिको इन्द्रेणी' को सबै कुरा यसको सकारात्मक 'वर्ड अफ माउथ' मा निर्भर हुनेछ । गायक बालेनले ल्याएको फिल्मको ओर्जिनल साउन्ड ट्र्याकले यसको प्रचारमा केही मद्दत पुगेको देखिन्छ ।

बालेनको उक्त गीतलाई लिएर टिकटक र रिल्समा हजारौं भिडियो बनिरहेका छन् । धेरैले महाकवि लक्ष्मीप्रसाद देवकोटाका कालजयी शब्द र बालेनको र्‍याप लिरिक्सलाई रुचाएका छन् । यस्तोमा, बालेनको गीतले फिल्मलाई फाइदा पुगेको देखिन्छ । बालेनको उक्त गीतको लोकप्रियता बक्सअफिस संख्यामा रूपान्तरण कसरी हुन्छ, त्यो भने पर्खाइको विषय हो । अर्जुन घिमिरे 'पाँडे' निर्देशित 'झरीपछिको इन्द्रेणी' को रनटाइम १४० मिनेट छ ।

## रंगशाला

### एन्फा यू-१६ युथ लिग

# आर्मीको पोस्टमा मछिन्द्रको ९ गोल, फ्रेन्ड्स र चर्च ब्वाइजलाई पनि तीन अंक

**काठमाडौं (प्रस)**– शीर्ष स्थानमा रहेको मछिन्द्र क्लबले एन्फा यु-१६ युथ लिगमा अर्को सानदार जित हासिल गरेको छ । बिहीबार मछिन्द्रले दिनको तेस्रो खेलमा त्रिभुवन आर्मी क्लबलाई ९-० ले हरायो । सातदोबाटोस्थित अखिल नेपाल फुटबल संघ (एन्फा) मुख्यालयमा सम्पन्न २२औं चरणको खेलमा मछिन्द्रलाई फराकिलो जित दिलाउन साइरस डंगोलले चार तथा विकास थापाले ह्याट्रिक गोल गरे । त्यस्तै राहुल कुमार योञ्जन र करण धामीले समान एक गोल गरे ।

जितसँगै मछिन्द्रले अंकतालिकाको शीर्ष स्थानमा तीन अंकको अग्रता लिएको छ । १५औं जित हासिल गरेको मछिन्द्रले कूल ४९ अंक जोडेको छ । १४ अंकका साथ आर्मी पुछारबाट तेस्रो स्थानमा छ ।

दिनको पहिलो खेलमा फ्रेन्ड्स क्लबले एपिएफ फुटबल क्लबमाथि २-० को जित हासिल गर्‍यो । दुबै गोल सदानन्द मास्की मगरले पहिलो हाफमा गरे । जितसँगै फ्रेन्ड्स ४५ अंकका साथ तेस्रो स्थानमा उक्लियो । ३५ अंकका साथ एपिएफ सातौं स्थानमा यथावत छ ।

दिनको दोस्रो खेलमा चर्च ब्वाइज युनाइटेडले संकटा क्लबमाथि १-० को संघर्षपूर्ण जित निकाल्यो । चर्च ब्वाइजका लागि विमल तामाङले ७०औं मिनेटमा निर्णायक गोल गरे । यो नतिजासँगै चर्च ब्वाइजले ३९ अंक जोडेको छ । पाँचौं स्थानमा रहेको संकटाको ४१ अंक छ ।


## अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस **Panchasorna Group Pvt. Ltd.** कम्पनीले CHINA बाट पैठारी गरेको देहायको मालबस्तुहरूको अधिकतम खुद्रा बिक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारण जानकारीका लागि प्रकाशन गरिएको छ ।

| सि.नं. | मालबस्तुको विवरण | आकार/प्रकार | ब्राण्ड | मोडल | क्षमता | उत्पत्तिको मुलुक राष्ट्र | ईकाई | ईकाई प्रति मूल्य | प्रति ईकाई अधिकतम खुद्रा बिक्री मूल्य (MRP) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | RANGEHOOD CHIMNEY | N/A | PANCHAFRESH | PS82-25Y01 | N/A | CHINA | PCS | 6,950.00 | 9,650.00 | |
| 2 | RANGEHOOD CHIMNEY | N/A | PANCHAFRESH | PS82-25Y02 | N/A | CHINA | PCS | 7,500.00 | 10,500.00 | |
| 3 | RANGEHOOD CHIMNEY | N/A | PANCHAFRESH | PS82-25Y03 | N/A | CHINA | PCS | 8,300.00 | 12,000.00 | |

बिक्रेताको फर्मको नाम: **Panchasorna Group Pvt. Ltd.** — स्थायी लेखा नं: **606749170**

ठेगाना: **Pepsikola-32, Kathmandu, Nepal** — फोन नं: **9801171012**



## गोरेटो बहुउद्देश्यीय सहकारी संस्था लिं.

केन्द्रीय कार्यालय धुम्बाराही -४, चण्डोल, काठमाडौं

### १६औं वार्षिक साधारण सभाको सूचना

यस संस्थाको संचालक समितिको मिति २०८२/७/३० मा बसेको बैठकको निर्णय बमोजिम संस्थाको १६ औं वार्षिक साधारण सभा निम्न विषयहरू उपर छलफल गर्न देहाय बमोजिमको मिति, स्थान र समयमा सम्पन्न हुने भएको हुँदा सहकारी ऐन २०७४ अनुसार शेयरधनी महानुभावहरूलाई पत्र मार्फत जानकारी गराई सकेका छौं, यदि पत्र प्राप्त नभएमा यसै सूचनालाई आधार मानि सम्पूर्ण शेयर सदस्य ज्यूहरूलाई गरिमामय उपस्थितिका लागी हार्दिक आमन्त्रण सहित यो सूचना प्रकाशित गर्दछौं ।

**मिति, स्थान तथा समय:**

**मिति** : २०८२ साल पौष २६ गते शनिवार

**स्थान** : गोकर्णेश्वर वडा नं. ४ जगडोल

**समय** : दिउसो १२:३० बजे देखि नाम दर्ता

**उद्घाटन** : दिउसो १:३० बजे

**साधारण सभामा छलफल गरिने विषयहरू:**

१. सञ्चालक समितीको तर्फबाट आ.व. २०८१/०८२ को अध्यक्ष ज्यूले प्रस्तुत गर्नुहुने कार्य प्रगति प्रतिवेदन माथि छलफल गरी अनुमोदन गर्ने सम्बन्धमा ।

२. सञ्चालक समितीको तर्फबाट कोषाध्यक्ष ज्यूले आ.व. ०८१/०८२ को प्रतिवेदन तथा चालु आ.व. २०८२/०८३ को अनुमानित विवरण सहितको प्रस्तुत गर्नुहुने आर्थिक प्रतिवेदन माथि छलफल गरी अनुमोदन गर्ने सम्बन्धमा ।

३. लेखा परीक्षण प्रतिवेदन सहित २०८२ साल असार मसान्त सम्मको वासलात, आ.व. २०८१/८२ को नाफा नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण माथि छलफल गरी पारित गर्ने सम्बन्धमा ।

४. लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन उपर छलफल गरी अनुमोदन गर्ने सम्बन्धमा ।

५. चालु आ.व. २०८२/०८३ को लागि लेखा परिक्षकको नियुक्ति तथा निजको पारिश्रमिक तोक्ने सम्बन्धमा

६. वार्षिक साधारण सभाबाट अनुमोदन निर्णय पुस्तिकामा हस्ताक्षर गर्न शेयर सदस्य र संचालक सदस्यहरू मध्ये बाट १० जना प्रतिनिधि चयन गर्ने सम्बन्धमा ।

७. साधारण सभा सम्बन्धि जानकारी ।

**क.** शेयरधनी महानुभावहरूले सभा हुने स्थानमा उपस्थितभई त्यहाँ राखिने उपस्थिति पुस्तकमा दस्तखत गर्नु पर्ने छ ।

**ख.** संस्थाको आर्थिक विवरण सहितको वार्षिक प्रतिवेदन साधारण सभामा उपलब्ध गराइनेछ विस्तृत जानकारीको लागि संस्थाको कार्यालय धुम्बाराही, काठमाण्डौमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

**ग.** सभामा आफ्नो जिज्ञासा वा सुझावहरू व्यक्त गर्न चाहने शेयर सदस्यज्यूहरूले भद्र र संयमित भई तोकिएको समयभित्र दिनु हुन अनुरोध गर्दछौं ।

**घ.** साधारण सभामा प्रवेश गर्दा सदस्यता परिचय पत्र वा शेयर सदस्यको परिचय खुल्ने अन्य परिचय पत्र सहित उपस्थित हुनुपर्ने छ ।

८. विविध

**पुनश्च :- संस्थाने साधारण सभामा उपस्थित भई शेयर पुस्तिकामा दस्तश्चत गर्ने शेयर सदस्यज्यूहरूलाई यातायात खर्चको ब्यवस्था समेत गरेको छ । साथै खानाको समय दिउसो ३ बजेबाट शुरु हुनेछ ।**

**आज्ञाले**
**सचिव**



## जापानमा रोजगार

कम्पनी : SHINNIHON IGYOSHU JIGYO KYODO KUMIAI

पूर्व स्वीकृति मिति २०८२/०६/२३ — LT. No. 335149 — चलानी नं. ६०२४८९०७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब YEN | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food Processing | 6 | 0 | 185760 | १,७२,१५० | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

**■ प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:**
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रूपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

**■ दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरू:**
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्की आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।

१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः निःशुल्क
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

**नोट:** वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

**■ नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:**
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ पुस ११ गते (26th Oct . 2025) मा हुनेछ ।**

